# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १०७ | काठमाडौं | बुधवार, २३ साउन २०८१ | Prabhab National Daily | Wednesday, August 07, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## सिआइबीबाट हटाइए श्यामलाल

- एआइजी श्यामलाल ज्ञवाली हटाएर सिआइबी प्रमुखको जिम्मेवारी दीपक थापालाई
- सुनकाण्डको अनुसन्धानमा विवादित एआइजी किरण बज्राचार्यलाई काठमाडौं उपत्यका प्रहरी कार्यालयको जिम्मेवारी

■ प्रभाव संवाददाता



**काठमाडौं–** सरकारले नेपाल प्रहरीको प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) श्यामलाल ज्ञवालीलाई केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)बाट हटाएको छ । ज्ञवालीले गत फागुनको अन्तिम साता सिआइबी निर्देशकको रूपमा जिम्मेवारी सम्हालेका थिए ।

पाँच महिना पनि पूरा नहुँदै ज्ञवालीलाई मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकले सिआइबी निर्देशकबाट हटाएको हो । उनलाई प्रहरी प्रधान कार्यालय, प्रदेश समन्वय विभागमा पठाइएको छ ।

ज्ञवाली ती उच्च प्रहरी अधिकृत हुन्, जसले नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धानमा हालै प्रहरी प्रशिक्षण केन्द्रमा सरुवा गरिएका प्रहरी नायव महानिरीक्षक (डिआइजी) डा. मनोजकुमार केसीलाई साथ लिएर काम गरेका थिए । शरणार्थी काण्डमा सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमालेका ठूला नेताहरूलाई नै संलग्नताको आरोप लाग्दै आएको छ ।

अघिल्लो महिना यही प्रकरणमा बेचन झा पक्राउ परे । प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर देशबाहिर रहेका बेला ज्ञवाली र केसी मिलेर नै झालाई पक्राउ गरेको चर्चा थियो । एमाले उपाध्यक्षसमेत रहेका पूर्वगृहमन्त्री रामबहादुर थापाका छोरा प्रतीकलाई पनि दुवै प्रहरी उच्च प्रहरी अधिकृतकै योजना मुताविक पक्राउ परेको बताइन्छ । यहीबीच दुवै जना सरुवा भएका छन् ।

सिआइबीबाट प्रहरी प्रधान कार्यालय सरुवा गरिएका ज्ञवालीमाथि प्रहरी प्रधान कार्यालयले नै छानबिन गरिरहेको छ । पदीय आचरणविपरीत गतिविधि गरेको आरोपमा एआइजी ज्ञवालीमाथि छानबिन गर्न एआइजी टेकप्रसाद राई नेतृत्वको समितिले छानबिन गरिरहेको छ । प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी दानबहादुर कार्कीका अनुसार छानबिन सकिएको छैन । यदि पदीय आचरणविपरीत गतिविधि गरेको पाइए विभागीय कारबाही हुने उनले बताए । उनै एआइजी ज्ञवालीको ठाउँमा अर्को एआइजी दीपक थापाले जिम्मेवारी पाएका छन् । उनी काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीको प्रमुख थिए ।

(क्रमशः पृष्ठ २ मा)

### भ्रष्टाचार नियन्त्रण

# ओलीको बोलीमा सांसदकै ‘अविश्वास’

- भ्रष्टाचार नियन्त्रणमा प्रधानमन्त्रीको प्रतिबद्धताप्रति सांसदहरूको आशंका
- भ्रष्टाचारसम्बन्धी मुद्दाको हदम्याद संशोधित विधेयकमा पाँच वर्ष राख्न नहुने भनाइ
- भ्रष्टाचार नियन्त्रणमा निर्मम नबने बंगलादेशको जस्तो अवस्था आउने चेतावनी

■ जेबी योञ्जन



**काठमाडौं–** गिरिबन्धु टि–स्टेटको जग्गा सट्टाभर्ना प्रकरणमा मुछिएका प्रधानमन्त्री केपी शर्मा ओलीलाई सांसदहरूले भ्रष्टाचार नियन्त्रणका लागि निर्मम कदम चाल्न आग्रह गरेका छन् । उनीहरूको विचारमा कर्मचारीतन्त्र र राजनीतिक नेता कार्यकर्ताबाट भ्रष्टाचार भइरहेको छ । जसकारण देश विकास जनअपेक्षित भएको छैन ।

कांग्रेस सांसद सरिता प्रसाईंले भ्रष्टाचार नियन्त्रण गर्न नसकिए नेपालको हालत बंगलादेशको जस्तो हुने चेतावनी दिएकी छन् । बंगलादेशमा भ्रष्टाचारले सीमा नाघेपछि बढेको जनआक्रोशबीच भएको विद्यार्थी आन्दोलनको जगमा त्यहाँ १५ वर्षदेखि प्रधानमन्त्रीको कुर्सीमा बसेकी शेख हसिनाले सोमबार राजीनामा दिएर देश छाडेकी छन् । त्यही प्रसंगलाई जोड्दै प्रसाईंले संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको मंगलबार बसेको बैठकमा ओली सरकारले भ्रष्टाचार नियन्त्रण गर्न नसके नेपालमा त्यस्तै हुने चेतावनी दिएकी हुन् । जतिबेला ओली प्रसाईंको अभिव्यक्तिलाई ध्यान दिएर सुनिरहेका थिए ।

समितिमा भ्रष्टाचार निवारण ऐन, २०५९ संशोधन गर्न बनेको विधेयकबारेको छलफलका क्रममा प्रसाईंले ओली सरकारको पहिलो काम नै भ्रष्टाचार नियन्त्रण हुनुपर्ने बताइन् । ‘देश जर्जर अवस्थामा भ्रष्टाचारकै कारणले छ । भ्रष्टाचारले गर्दा देशमा अराजकता छ । बंगलादेश भ्रष्टाचारकै कारण त्यस्तो भयो, नेपाल त्यस्तो नहोला भन्न सकिँदैन । त्यसकारण भ्रष्टाचार नियन्त्रण कसरी गर्दै हुनुहुन्छ ?,’ उनले ओलीलाई सोधिन् ।

सांसद प्रसाईंले अख्तियार प्रमुख राजनीतिक नियुक्तिबाट राख्न नहुने बताइन् । त्यसरी राख्दा भ्रष्टाचार नियन्त्रण गर्नेबारे उनीप्रति जनभरोसा नरहेको उल्लेख गरिन् । हाल अख्तियार प्रमुख ओलीको दल एमालेनिकट प्रेमकुमार राई छन् । उनी पनि विभिन्न भ्रष्टाचारकाण्डमा नाम पोलिएका अधिकारी हुन् । उनैलाई लक्षित गर्दै सांसद प्रसाईंले भनेकी हुन् ।

प्रधानमन्त्री ओलीकै दल एमालेका सांसद बासुदेव घिमिरेले पनि जताजतै भ्रष्टाचारै भ्रष्टाचार रहेको भन्दै आक्रोश पोखे । उनले भ्रष्टाचार नियन्त्रणबारे ओली सरकारले बृहत्तर अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

(क्रमशः पृष्ठ २ मा)

### सरकारले कसैप्रति पूर्वाग्रह राख्दैन : प्रधानमन्त्री

प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकारले कसैप्रति पूर्वाग्रह राखेर दुःख दिने नियतले कुनै काम नगर्ने बताएका छन् । मंगलबार संघीय संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा सांसदहरूले उठाएको प्रश्नको जवाफमा उक्त कुरा बताएका हुन् ।

उनले जोसुकै भ्रष्टाचारीमाथि सरकार निर्मम भएर लाग्ने बताए । बैठकमा ओलीले भने, ‘सरकारले कसैप्रति पूर्वाग्रह राख्दैन । कसैलाई दुःख दिने नियतले काम गर्दैन । यो सरकार कसैप्रति प्रतिशोधका लागि हैन, अर्थतन्त्रमा सुधारका लागि हो ।’

उनले भ्रष्टाचार नियन्त्रणमा सरकार दृढ रहेको बताए । उनले आफू धर्तीका अदालतमात्रै नभई चित्रगुप्तासँग पनि जवाफ दिन तयार रहेको दाबी गरे । कसैले भ्रष्टाचार गरे भने उसको अनुहारै नहेर्ने प्रधानमन्त्री ओलीले यसअघि बताएका थिए ।

देश जर्जर अवस्थामा भ्रष्टाचारकै कारणले छ । भ्रष्टाचारले गर्दा देशमा अराजकता । बंगलादेशको जस्तो अवस्था नेपालमा नआओस् ।
**■ सरिता प्रसाईं**
**सांसद, नेपाली कांग्रेस**

सेवाग्राही भएर प्रत्येक विभाग वा मन्त्रालय गयौं भने भ्रष्टाचार जहाँतहीँ पाइन्छ । अब भ्रष्टाचारविरूद्ध अभियान नै चलाउनुपर्छ ।
**■ बासुदेव घिमिरे**
**सांसद, नेकपा एमाले**

प्रधानन्त्रीज्यूको भ्रष्टाचारबारे धारणा सबै ठीक छ, प्रतिबद्धता पनि ठीक छ तर कसरी ? पहिले पनि प्रतिबद्धता कडा थियो । कार्ययोजना नभई कसरी विश्वास गर्ने ?
**■ रवि लामिछाने**
**अध्यक्ष, रास्वपा**

हामीले मुलुकको यही स्थितिमा परिवर्तन गर्न सकेनौं । स्थिति यही रहे बंगलादेशको बाढी यहाँ पस्छ । हामीलाई ऐन नियमको खाँचो होइन, इमानदारिताको हो ।
**■ चित्रबहादुर केसी**
**अध्यक्ष, राष्ट्रिय जनमोर्चा**

### सन्दर्भः वैदेशिक रोजगार

## एक वर्षमा ७७६३ ठगीका उजुरी, करिब ३१ करोड दाबी

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले गत आर्थिक वर्ष २०८०/८१ मा रोजगारसम्बन्धी गरेको कार्यसम्पादन तथा प्रगति विवरण सार्वजनिक गरेको छ । विभागले एक वर्षमा प्रदान गरिएको श्रम स्वीकृति विवरण, प्रशासनसम्बन्धी प्रगति विवरण, उद्धार, राहत तथा समन्वय, मुद्दा तथा अनुसन्धान, संस्था दर्ता शाखाको क्रियाकलाप, अनुगमन तथा अभिमुखीकरणसम्बन्धी गतिविधिको प्रगति प्रतिवेदन सार्वजनिक गरेको हो ।




विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार एक वर्षको अवधिमा सात हजार ७६३ व्यक्तिले वैदेशिक रोजगारीको नाममा ठगिएको भन्दै विभागमा उजुरी हालेका छन् । यसरी उजुरी गर्नेमध्ये तीन हजार ८३७ उजुरी फर्स्योट भएको विभागले उल्लेख गरेको छ । यस्तै वैदेशिक रोजगारीको नाममा ठगिएको भन्दै उजुरीकर्ताले ३० करोड ९३ लाख ८९ हजार ५१२ रूपैयाँ बराबरको रक असुली गर्नुपर्ने दाबी गरेका छन् ।

त्यसैगरी एक वर्षको अवधिमा उद्धार, राहत तथा समन्वय शाखामा एक हजार ४४२ उजुरी परेका छन् । तीमध्ये १७३ जनाको उद्धार गरिएको र दुई हजार ४४४ जनालाई क्षतिपूर्ति उपलब्ध गराइएको विभागले जनाएको छ । त्यस्तै मुद्दा तथा अनुसन्धान शाखामा दुई हजार ९१६ उजुरी परेका छन् । ती मध्ये ४५५ उजुरीमा मिलापत्र गराइएको छ भने ३९० वटा मुद्दा अदालतमा पठाइएको विभागले उल्लेख गरेको छ । यसैगरी प्रहरी शाखामा तीन हजार ४०५ उजुरी परेका छन् । ती मध्ये ८६ को मात्रै मिलापत्र गराइएको छ भने प्रहरीकहाँ परेका उजुरीमध्ये दुई हजार २१७ उजुरी फर्स्योट भएका छन् । जसमा क्षतिपूर्तिबापत एक करोड ७६ लाख एक हजार ६९८ रूपैयाँ असुल गरिएको छ ।

यतिमात्र नभई एक आर्थिक वर्षमा जिटुजी सम्झौतामार्फत सरकारले कोरिया, इजरायल र बेलायतमा ११ हजार ९०१ जना श्रमिक पठाएको छ भने म्यानपावरमार्फत तीन लाख ५३ हजार १६३ जना वैदेशिक रोजगारीका लागि विदेशिएको विभागले जनाएको छ । पुनः श्रम स्वीकृति लिएर जानेको संख्या दुई लाख ८१ हजार १९५ र व्यक्तिगत श्रम स्वीकृति लिएर जाने ९५ हजार ३८ जना रहेका छन् ।

यस्तै वैदेशिक रोजगार पूर्वप्रस्थान अभिमुखीकरण तालिम दिने १३७ वटा संस्था नवीकरण भएका छन् । यस अवधिमा ६२ वटा नयाँ म्यानपावर कम्पनी दर्ता भएका छन् भने ४३ वटाको दर्ता खारेजी तथा धरौटी फिर्ता गरेको विभागले जनाएको छ । त्यसैगरी ४२७ वटा इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीको नवीकरण भएको छ । जिटकोमा सूचीकरण भएका ४७४ वटा म्यानपावर पनि नवीकरण भएका छन् । त्यस्तै ८९ वटा म्यानपावर कम्पनीमाथि आकस्मिक अनुगमन गरिएको छ भने १४ वटालाई निलम्बन गरी कारोबारमा बन्देज लगाइएको छ । एक वर्षमा २०७ वटा अभिमुखीकरण तालिम प्रदायक संस्थामाथि अनुगमन गरिएको विभागले उल्लेख गरेको छ ।

## युएईस्थित दूतावासको एक वर्षे कार्यसम्पादन

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली दूतावासले एक वर्षको कार्यसम्पादन विवरण सार्वजनिक गरेको छ । दूतावासले गत आर्थिक वर्ष २०८०/८१ मा सम्पादन भएका प्रमुख सेवाहरूको तथ्यांकीय विवरण सार्वजनिक गरेको हो । दूतावासले प्रमुख कार्यसम्पादन विवरण महिनैपिच्छे सार्वजनिक गर्दै आइरहेको बताउँदै वर्षिकरूपमा एकमुष्ठ कार्यसम्पादनको विवरण सार्वजनिक गरेको जनाएको छ । एक वर्षको अवधिमा दूतावासले ४६ हजार ४०४ पासपोर्ट नवीकरणका लागि संकलन भएको उल्लेख गरेको छ भने ४३ हजार ७१८ वटा पासपोर्ट नवीकरण पश्चात वितरण गरिएको जनाएको छ ।

त्यस्तै ७०२ जनालाई भिसा प्रदान गरिएको छ भने ४४ जनाको जन्मदर्तासमेत गरिएको छ । यसैगरी दुई हजार १३५ जनाको ट्राभल डकुमेन्ट बनाइएको विवरणमा उल्लेख छ । दुई हजार ८४ जनाको कागजात प्रामाणीकरण गरिएको छ । साथै, रोजगारीका लागि संस्थागतरूपमा आएको दुई हजार ९७२ वटा मागपत्र प्रमाणीकरण भएको दूतावासले जनाएको छ । एक हजार ६७१ वटा समूहगत भिसा प्रमाणीकरण गरेको दूतावासले विभिन्न कारणले मृत्यु भएका नेपालीहरूको २३१ वटा शव व्यवस्थापन गरेको बताएको छ । यस्तै एक वर्षमा विभिन्न माध्यमबाट आएका सात हजार ५३४ वटा गुनासा तथा उजुरीहरूको सम्बोधन गरेको उल्लेख छ । वर्षभरिमा क्षतिपूर्ति र इन्स्योरेन्सबापत ३४ लाख ४६ हजार ५०० एइडी अर्थात् झण्डै १२ करोड ६० लाख ७८ हजार रूपैयाँ खर्च भएको दूतावासले जनाएको छ ।




# सिमलताल दुर्घटनाको प्रतिवेदन गृहमन्त्रीलाई बुझाइयो

**काठमाडौं (प्रस)**– चितवनको सिमलताल बस दुर्घटनाको विषयमा अध्ययन गर्न बनेको कार्यदलले मंगलबार गृहमन्त्री रमेश लेखकसमक्ष प्रतिवेदन पेस गरेको छ । गृहमन्त्री लेखकले पदबहाली गरेपछि पहिलो निर्णय गर्दै सिमलताल घटनाको विस्तृत अध्ययनका लागि गृह मन्त्रालयका सहसचिव छवि रिजालको संयोजकत्वमा कार्यदल गठन गरेका थिए ।

सो कार्यदलले प्रतिवेदन पेस गर्दै विपद् व्यवस्थापनलगायत सवारी दुर्घटना न्यूनीकरणको प्रभावकारी व्यवस्थापनका लागि सरोकारवाला निकाय जिम्मेवारीका साथ पहल गर्नुपर्नेमा रायसमेत दिएको छ । कार्यदलको प्रतिवेदन बुझ्दै गृहमन्त्री लेखकले सडक दुर्घटनाका कारण लामो समयदेखि जनधनको क्षति भइरहेकाप्रति चिन्ता व्यक्त गरे ।

गृहमन्त्री लेखकले प्रतिवेदन अक्षरशः कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै कार्यदलले दिएको सुझाव मन्त्रालयले पनि कार्यान्वयन गर्नाका साथै अरू निकायलाई पनि कार्यान्वयन गर्न लगाउने बताए । 'यो गम्भीर र संवेदनशील विषय छ । हवाई दुर्घटना भयो भने आयोग र समिति बनाउने, दुर्घटनाका बारेमा जानकारी लिने, छानबिन हुने गरिन्थ्यो,' उनले भने, 'सडक दुर्घटनाको एउटै निश्चित घटनालाई लिएर यो पहिलो समिति बनेको हो ।'

पृष्ठ १ बाट क्रमशः

## ओलीको बोलीमा...

जबकि ओली भने भ्रष्टाचार नियन्त्रण भइसकेको दाबी गर्छन् । भ्रष्टाचारीको अनुहारसम्म नहेर्ने, म पनि भ्रष्टाचार गर्दिनँ, अरुलाई पनि गर्न दिन्नँ जस्ता आदर्शयुद्ध अभिव्यक्ति ओलीको छ । तर, आफैं गिरिबन्धु टि-स्टेटको जग्गा सट्टाभर्ना प्रक्रियामा जोडिएका छन् । यद्यपि, ओली भ्रष्टाचारविरोधी नेताका रूपमा आफूलाई चित्रित गर्छन् ।

उनकै दलका सांसद घिमिरेले ओलीको दाबीलाई खण्डित गर्नेगरी देश अग्रगतिमा विकास नहुनुको कारण भ्रष्टाचार भएको बताएका छन् । 'सेवाग्राही भएर प्रत्येक विभाग वा मन्त्रालय गयौं भने त्यो पाइन्छ,' उनले भने, 'अब भ्रष्टाचारविरुद्ध अभियान नै चलाउनुपर्छ ।' नापी, मालपोत, भन्सार, अदालत, यातायातजस्तो सरकारी कार्यालयमा बढी भ्रष्टाचारी हुने सांसद घिमिरेले उल्लेख गरे ।

नेपाल भ्रष्टाचारले आक्रान्त छ । ट्रान्सपरेन्सी इन्टरनेसनलका अनुसार नेपाल भ्रष्ट देशको १०८औं सूचीमा छ । यो भनेको अति भ्रष्टाचार हुने देश भनिएको हो । यहीबेला संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलमा रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ संशोधन गर्न बनेको विधेयकमाथि धारणा राख्ने क्रममा सांसदहरूले भ्रष्टाचार नियन्त्रणमा निर्मम बन्नुपर्नेमा जोड दिएका हुन् । कांग्रेस सांसद दिलेन्द्रप्रसाद बडुले भ्रष्टाचार मुद्दामा हदम्याद राख्ने तयारी भएकोप्रति असहमति जनाए । उनले हदम्यादको व्यवस्था गलत हुने विश्लेषण गरे ।

'विधेयकमा निजी क्षेत्रलाई पनि अख्तियारले छानबिन गर्न पाउने हल्ला छ । तर, अर्कातिर भ्रष्टाचारमा स्थानीय तहलाई नियन्त्रण गर्ने कानुनी संरचना छैन,' उनले भने, 'अहिले त भ्रष्टाचारबारे उजुरी दिने अवधि पाँच वर्ष हुनुपर्ने भनिएको छ । जबकि पहिले भ्रष्टाचार मुद्दामा हदम्याद थिएन ।'

सांसद बडुले ओली सरकारले भ्रष्टाचार नियन्त्रण गर्ने अपेक्षा गरे । तर, प्रधानमन्त्री ओली ती नेता हुन्, जो यसअघि दोस्रो र तेस्रोपटक (३ फागुन २०७४ र २८ असार २०७८)सम्म काण्डैकाण्ड बाहिरिएको थियो । सुरक्षण मुद्रण प्रकरण, यतीकाण्ड, ओम्नीकाण्ड, टेरामक्सकाण्डलगायत काण्ड ओली प्रधानमन्त्री भएका बेला भएका थिए । उनै ओलीसँग कांग्रेस सांसद बडुले भने सुशासनको अपेक्षा राखेका हुन् ।

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले ओली सरकारले देशमा सुशासन कायम गर्नेमा शंका व्यक्त गरे । उनले कडा प्रतिबद्धता जनाएर मात्रै देश सुशासनको गतिमा अघि बढ्ने बताए । 'प्रधानन्त्रीज्यूको भ्रष्टाचारबारे धारणा सबै ठीक छ, प्रतिबद्धता पनि ठीक छ तर कसरी ? पहिले पनि प्रतिबद्धता कडा थियो । कार्ययोजना नभई कसरी विश्वास गर्ने ?,' उनले भने, 'राजीतिक दलहरूको भ्रष्टाचारमा संलग्नता जगजाहेर छ ।'

लामिछानले ओलीलाई लक्षित गर्दै राजनीतिक संलग्नताको ठूलाठूला भष्टाचारका घटना हुँदा पनि सरकारमा संलग्न भएकै दलहरूका नेताहरू टेरामक्स, बाँसबारी, सहकारी ठगी, गिरिबन्धु टि-स्टेट, टीकापुरलगायत काण्डमा मुछिएको बताए ।

बैठकमा राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसी कड्किए । 'हामीले मुलुकको यही स्थितिमा परिवर्तन गर्न सकेनौं । स्थिति यही रहे बंगलादेशको बाढी यहाँ पस्छ,' उनले भने, 'हामीलाई ऐन नियमको खाँचो होइन । इमानदारिताको मात्रै हो ।' राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सांसद बुद्धिमान तामाङले भ्रष्टाचार बढ्दा जनता निकै दुःखी र आक्रोशित भएको बताए । नेकपा एकीकृत समाजवादी पार्टीका सांसद राजेन्द्र पाण्डेले पनि नेपाल भ्रष्टहरूको अखडाजस्तो भएको बताए ।

हाल ओली सरकारमा रहेकी परराष्ट्रमन्त्री डा. आरजु राणा नक्कली भुटानी शरणार्थी काण्डमा आरोपी हुन् । अर्थमन्त्री विष्णुप्रसाद पौडेल ललिता निवासको आठानी हडपेको काण्डका आरोपी हुन् । तर, उनले पछि जग्गा फिर्ता गरेका थिए । ऊर्जामन्त्री दीपक खड्का लैनचौरस्थित नेपाल स्काउटको जग्गा हिनामिना प्रकरणमा मुछिएका नेता हुन् । यसले गर्दा ओली सरकारले सुशासन कायम गर्नेमा शंका पैदा भएको हो ।

## सिआइबीबाट हटाइए...

यस्तै, प्रहरी प्रधान कार्यालय कार्यविभागमा रहेकी एआइजी किरण बज्राचार्यलाई काठमाडौं उपत्यका प्रहरी कार्यालयको प्रमुखमा सरुवा गरिएको छ । बज्राचार्य ती एआइजी हुन्, जो सुनकाण्डको अनुसन्धानमा लापारबाही गरेको भन्दै सिआइबी निर्देशकबाट यसअघि हटाइएकी थिइन् ।

उनलाई हटाउने तत्कालीन गृहमन्त्री रवि लामिछाने थिए । सुनकाण्डको जाँचबुझ गर्न गठित आयोगले बज्राचार्यको बदमासी अनुसन्धानमा देखिएको किटान गरेको थियो । यसरी बहुचर्चित सुनकाण्डको अनुसन्धानमा पेसागत इमानदारिता प्रदर्शन गर्न नसकेकी बज्राचार्यलाई अन्ततः काठमाडौं उपत्यका प्रहरी कार्यालयको नेतृत्व गर्ने जिम्मेवारी पाइन् । हालै एआइजीमा बढुवा भएका रामदत्त जोशीलाई कार्यविभागमा पदस्थापन गरिएको छ ।

सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले पत्रकारहरूसँग भने, 'नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक रामदत्त जोशीलाई नेपाल प्रहरीको जनपथ प्रहरीतर्फको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने निर्णय गरिएको छ । र, उहाँको पदस्थापना कार्यविभागमा गरिएको छ ।' हालै एआइजी उमेशराज जोशी सेवा निवृत्त भएपछि रिक्त पदमा डिआइजी जोशीको बढुवा भएको हो ।


## माइग्रेसन हरायो

मिति २०८०।०२।१७ गते निम्न विवरणको माइग्रेसन सर्टिफिकेट मनमैजु देखि रत्नपार्कसम्म जाँदा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न लिखित फोनमा सम्पर्क गरी बुझाई दिनुहुन अनुरोध गर्दछु ।

नाम : **निशान्त चौधरी**
स्थाई ठेगाना : सप्तरी
रजिष्ट्रेशन नं.: ७६७७६५४१६
सिम्बोल नं. : २७७०७४७८
सम्पर्क नं. : ९८०८५०११६८

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०४।१६ गते का.जि. टोखा न.पा. ०३, भुत्खेलमा दिउसोको अन्दाजी ४:०० बजेको समयमा Sparkle met black/red रङ्को 220 CC पल्सर मोटरसाइकल पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम** : हुलास अटो प्रा.लि.
**ऋणीको नाम** : विर्ख गुरुङ्ग
**बाइक नं.**: बा.प्र. ०३-०४८ प ९६५७
**च्यासिस नं.**: MD2A13EXLMCM85886
**इन्जिन नं.** : DKXCNM 40194
**ठेगाना**: टेकु, काठमाडौं
**सम्पर्क**: ९८६१५१०११८९

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

सूचना प्रकाशित मिति २०८१/०४/२३

त्यस कम्पनीको मिति २०८१/०३/२० को विशेष साधारणसभाको निर्णयानुसार तपसिलमा उल्लेखित शर्तहरु पालना गर्ने गरी कम्पनीको प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ मा संशोधन गरी कम्पनीको नाम तपसिल बमोजिम परिवर्तन गरी **गोल्ड सन फूड्स प्रा.लि.** कायम गरेको र सोही निर्णयानुसार कम्पनीको रजिष्टर्ड कार्यालय तपसिल बमोजिमको स्थानमा परिवर्तन गरी कम्पनीको प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ मा संशोधन गरेकोलाई सम्बन्धित निकायको स्वीकृत लिनु पर्ने भए लिई कार्यान्वयन गर्ने शर्तमा स्वीकृति प्रदान गरि संशोधित प्रबन्धपत्र / नियमावलीको १/१ प्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा मिति २०८१/०४/१० को निर्णयानुसार जानकारी गराइन्छ ।



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

सूचना प्रकाशित मिति २०८१/०४/२३

त्यस कम्पनीको मिति २०८१/०३/२० को विशेष साधारणसभाको निर्णयानुसार तपसिलमा उल्लेखित शर्तहरु पालना गर्ने गरी कम्पनीको प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ मा संशोधन गरी कम्पनीको नाम तपसिल बमोजिम परिवर्तन गरी **गोल्ड सन फूड्स प्रा.लि.** कायम गरेको र सोही निर्णयानुसार कम्पनीको रजिष्टर्ड कार्यालय तपसिल बमोजिमको स्थानमा परिवर्तन गरी कम्पनीको प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ मा संशोधन गरेकोलाई सम्बन्धित निकायको स्वीकृत लिनु पर्ने भए लिई कार्यान्वयन गर्ने शर्तमा स्वीकृति प्रदान गरि संशोधित प्रबन्धपत्र / नियमावलीको १/१ प्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा मिति २०८१/०४/१० को निर्णयानुसार जानकारी गराइन्छ ।



## कम्पनी अद्यावधिक, शेयर लगत, कम्पनीको नाम परिवर्तन र रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन सहितको प्रवन्धपत्र र नियमावलीमा भएको संशोधन अभिलेख सम्बन्धी सूचना

तेस्रो पटक सूचना प्रकाशित मिति २०८१/०४/२३

कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नुपर्ने आ.व. २०७८/०७९ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आ. व. सम्म कम्पनी अद्यावधिक रहेको, त्यस कम्पनीको मिति २०७२/०८/२१ को संचालक समितिको बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ३१ बमोजिम यस कार्यालयको विद्युतिय अभिलेखमा अभिलेख गराएको कम्पनी ऐन, २०६३ को दफा ४६ बमोजिम तयार शेयरधनी दर्ता कितावमा भए गरेका काम कारबाहीको उत्तरदायित्व, जवाफदेही र जिम्मेवारी अन्यथा प्रमाणित हुन आएमा समेत कम्पनी र कम्पनीका सञ्चालक एवं पदाधिकारीहरूको रहने गरी सो शेयरधनी दर्ता किताबको प्रति यसैसाथ संलग्न राखी पठाइएको तथा त्यस कम्पनीको मिति २०७९/०८/१२ मा सम्पन्न वार्षिक विशेष साधारणसभाको निर्णय वमोजिम साविक कम्पनी **(खुदी क्लिनिक प्रा. लि.)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम **(शान्तिपुर इन्टनेशनल मेडिकल सेन्टर प्रा. लि.)** को कम्पनीले सकार्ने व्यहोर्ने साथै कम्पनीको नाम परिवर्तनको सम्वन्धमा ३० (तीस) दिनभित्र राष्ट्रिय स्तरको पत्रपत्रिकामा ३ पटक सार्वजनिक सूचना प्रकाशन गरी सो को प्रति यस कार्यालयमा पठाउने र कम्पनीको लेटर हेडमा तलपट्टी साविक कम्पनीको नाम कम्तीमा १ वर्षसम्म उल्लेख गर्ने साथै नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी **एभरेष्ट शान्तिपुर इन्टनेशनल मेडिकल सेन्टर प्रा. लि.** कायम गर्न तथा साथै कम्पनीको मिति २०७९/०८/१२ मा सम्पन्न वार्षिक विशेष साधारणसभाको निर्णय वमोजिम कम्पनीको रजिष्टर्ड कार्यालय स्थानमा परिवर्तन र उद्देश्य थप गर्ने गरी स्वीकृति प्रदान गरिएको छ । साथै प्रबन्धपत्रको दफा १, २ र नियमावलीको नियम १ र २ मा भएको संशोधनलाई अभिलेख गरी सोको १/१ प्रति यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा मिति २०७२/०८/२८ को निर्णयानुसार जानकारी गराइन्छ ।

नेपाल सरकार
भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख बिभाग
मालपोत कार्यालय उदयपुर
गाईघाट, (बोक्से)

## मालपोत कार्यालय उदयपुर गाईघाट बोक्सेबाट प्रकाशित भएको तिनपुस्ते संशोधन हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यसमा जिल्ला उदयपुर साविक गा.वि.स. जोगिदह वडा न. ८ भई हाल परिवर्तित त्रियुगा न.पा. १ बस्ने सुकरी चौधरीले मेरो नाममा दर्ता कायम रहेको गा.वि.स. जोगिदह १क कि.न. २३९ को ज.वि. ०-१३-६, १ख कि.न. १८३ को ज.वि.०-०-१६.५, कि.न. १८९ को ज.वि.०-१-१५.५, २ कि.न. ३०४ को ज.वि. ०-२-४, वडा न. ३क कि.न.४०५ का ज.वि. ०-०-१७, कि.न. ४०८ को ज.वि. ०-१-८, कि.न. ४११ को ज.वि. ०-६-१९ का जग्गाहरुको श्रेस्ता पूर्जामा मेरो नाम टिराही देवी चौधरी बतन जोगिदह १ ससुराको नाम पवन मात्र रहेको तर मेरो नागरिकता प्रमाणपत्रमा मेरो नाम सुकरी चौधरी बतन जोगिदह ८ भई पतिको नाम मंगल दास चौधरी भई फरक परेको हुँदा नागरिकता अनुसार मेरो नाम, बतन, बाबुको नाम, पतिको नाम कायम गरि फोटो टाँस गरि पूर्जा समेत दिनु भनि द.न. १५९४३ मिति २०८१।०२।०३ को माग निवेदन भएको हुँदा जग्गा धनि श्रेस्तामा कायम रहेको ज.ध. टिराही देवी चौधरी बतन जोगिदह १ ससुराको नाम पवन र नेपाली नागरिकतामा रहेको नाम सुकरी चौधरी भई बतन जि. उदयपुर गा.बि.स. जोगिदह वडा न ८ भई पति मंगल दास चौधरी रहेको दुई फरक फरक नाम गरेको व्यक्ति एउटै व्यक्ति हो वा फरक व्यक्ति हो बतन कसरी जोगिदह १ र जोगिदह ८ हुन गएको हो निवेदीकाको माग गरेका माथि उल्लेखित जग्गाहरुको मोठ श्रेस्तामा माग बमोजिम नाम, बतन, बाबुको नाम, पतिको नाम सुधार गरि फोटो टाँस गरि पूर्जा दिएमा कोही अन्य व्यक्तिको हक जान्छ कि ? टिराही देवी चौधरी बतन जोगिदह १ ससुराको नाम पवन भएको र नागरिकता प्रमाणपत्रमा सुकरी चौधरी बतन जोगिदह ८ भई पतिको नाम मंगल दास चौधरी भएको व्यक्ति फरक फरक हो कि एकै हो भनि यो हकदावी सम्वन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । निवेदिका भन्दा अन्य सम्वन्धित हकवाला भएमा बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र स-प्रमाण यस कार्यालयमा दावी उजुरी गर्न आउनु होला, अन्यथा प्रचलित कानून बमोजिम निवेदिकाको माग बमोजिम तिनपुस्ते संशोधन भई जाने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

इति सम्वत २०८१ साल श्रावण २२ गते रोज ३ शुभम् ।



## बहराइन/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CAKE BOUQUET
पूर्व स्वीकृति मिति: २०८१/०४/२२ | LT No. 308484 | चलानी नं. ६०२२३१५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker/cook | 2 | 0 | 150 | ५३,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cashier | 2 | 0 | 150 | ५३,४४० | | | | | | | |
| 3 | Cleaner | 2 | 0 | 100 | ३५,६२५ | | | | | | | |

कम्पनी : RANA ABDUL RAHMAN IBRAHIM AL RABIE SWEETS EST
पूर्व स्वीकृति मिति: २०८१/०४/१७ | LT No. 308300 | चलानी नं. ६०२२३१५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Sweets Maker | 1 | 0 | 1800 | ६४,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 1 | 0 | 1200 | ४२,६०० | | | | | | | |
| 3 | Steward (Kitchen Cleaner) | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

कम्पनी : FUTURE DECOR CARPENTRY WORKSHOP
पूर्व स्वीकृति मिति: २०८१/०४/१७ | LT No. 308301 | चलानी नं. ६०२२३१५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | On and Off Loading Labor | 1 | 0 | 1300 | ४६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : HORIZON PIONEERS ARAB TRADING COMPANY
पूर्व स्वीकृति मिति: २०८१/०४/२२ | LT No. 308483 | चलानी नं. ६०२२३१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1553/079/80
**Al Faraz International Overseas Pvt. Ltd**
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,
Contact: 9847416116, Email: hiringalfaraz@outlook.com

## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GIS MUTAWA INSPECTION SERVICE LLC
पूर्व स्वीकृति मिति २०८१/०४/२१ | LT. No 308413 | चलानी नं. ६०२२३१२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 2500 | ९१,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Technical Assistant | 3 | 0 | 2200 | ८०,४३० | | | | | | | |
| 3 | Technical General | 3 | 0 | 2500 | ९१,३९५ | | | | | | | |

कम्पनी : RETAIL STORE AL-RAYEF AS- THANIH FOR FOOD PRODUCTS
पूर्व स्वीकृति मिति २०८१/०४/२१ | LT. No 308412 | चलानी नं. ६०२२३१२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Grocery Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUWAID EMAAR GENERAL CONT EST
पूर्व स्वीकृति मिति २०८१/०४/२१ | LT. No. 308432 | चलानी नं. ६०२२३११७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1500 | ५३,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३८४/०५९/०६०
**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, २३ साउन, २०८१

| | |
|---|---|
| **मेष** | मिहिनेतले उपलब्धि हासिल हुने । |
| **वृष** | स्वास्थ्यमा ध्यान पुऱ्याउनु पर्नेछ । |
| **मिथुन** | विछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट । |
| **कर्कट** | टाढाको यात्राको सम्भावना हुनेछ । |
| **सिंह** | सेवामुलक कामबाट धनलाभ प्राप्त हुने । |
| **कन्या** | धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ । |
| **तुला** | आत्माविश्वासको कमीले काममा पछि परिने । |
| **वृश्चिक** | काममा प्रतिस्पर्धा बढ्न सक्छ । |
| **धनु** | अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ । |
| **मकर** | मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ । |
| **कुम्भ** | हडबड गर्नाले काममा बाधा पुग्ने । |
| **मीन** | व्यस्तताले शरीर कमजोरीको अनुभूति हुने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२३ साउन, २०८१ (०७ अगस्ट, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.६७ | १३४.२७ |
| युरो | १ को | १४४.७५ | १४५.४० |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.६५ | १७२.४२ |
| स्विस फ्रैन्क | १ को | १५१.०७ | १५१.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८७.५३ | ८७.९२ |
| क्यानाडियन डलर | १ को | ९६.५७ | ९७.०० |
| सिंगापुर डलर | १ को | ९९.४६ | ९९.९१ |
| जापानी येन | १० को | ८.६९ | ८.७३ |
| चिनियाँ युआन | १ को | १८.४२ | १८.५० |
| साउदी अरब रियाल | १ को | ३५.६३ | ३५.७९ |
| कतारी रियाल | १ को | ३६.६६ | ३६.८२ |
| थाई भाट | १ को | ३.७२ | ३.७३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३९ | ३६.५६ |
| मलेसियन रिङेट | १ को | २८.८१ | २८.९४ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७१ |
| स्विडिस क्रोनर | १ को | १२.३६ | १२.४२ |
| डेनिस क्रोनर | १ को | १९.४० | १९.४९ |
| हङकङ डलर | १ को | १७.११ | १७.१९ |
| कुवेती दिनार | १ को | ४३७.१६ | ४३९.१२ |
| बहराइन दिनार | १ को | ३५४.६० | ३५६.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

### सरकारलाई समितिको निर्देशन

# कृत्रिम अभाव र कालोबजारी रोक्नू

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय सभाअन्तर्गतको संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिले देशभर गुणस्तरीय वस्तु तथा सेवाको सहज आपूर्तिगरी कृत्रिम अभाव र कालोबजारी रोक्न सरकारलाई निर्देशन दिएको छ । समितिको मंगलबार बसेको बैठकमा सभापति सोनामगेल्जेन शेर्पाले चाडपर्व सुरू हुनु अगाडिदेखि नै दैनिक उपभोग्य वस्तु तथा सेवाको अस्वाभाविक मूल्यवृद्धि हुने गरेकोप्रति सचेत गराउँदै सरकारलाई मूल्य र कालोबजारी नियन्त्रण गर्न निर्देशन दिएका हुन् ।

बैठकले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई नियमित बजार अनुगमन गर्न र गराउन निर्देशनसमेत दिएको छ । 'अन्तरमन्त्रालय, तीन तहका सरकारबीच समन्वय र सहकार्य गर्दै बजार अनुगमन प्रभावकारी बनाउनु अत्यावश्यक छ,' सभापति शेर्पाले भने, 'आमनागरिकको सहज पहुँच हुनेगरी तत्काल सुपथ मूल्य पसल सञ्चालनका लागि समय अवधि र क्षेत्रगत दायरा विस्तार गर्नुस् ।' यस्तै प्रत्येक पसलमा मूल्य सूची अनिवार्य राख्न र उपभोक्ता सचेतनाको कार्यक्रमलाई निरन्तरता दिनसमेत उनले निर्देशन दिए ।

बैठकमा समितिका सदस्यले सरकारसँग पेट्रोलियम, ग्यास र अत्यावश्यक खाद्यान्नको भण्डारण कम भएको भन्दै चासो व्यक्त गरेका थिए । उनीहरूले पेट्रोल र ग्यासको मौज्दात बढाउनुपर्नेमा जोड दिए । समिति सदस्य राजेन्द्रलक्ष्मी गैरेले भने, 'सरकारसँग भण्डारण छैन, व्यवसायीसँग छ । अत्यावश्यक वस्तु तथा सेवाको भण्डारण छैन भने नाकाबन्दी वा प्रकोपले ढुवानी अवरुद्ध भए के गर्ने ? त्यसैले समयमै सचेत रहनुपर्ने आवश्यकता छ ।' सदस्य उदयबहादुर बोहराले बिचौलिया हाबी हुँदा बजार अराजक बन्दै गएको बताए । 'बिचौलियाको अन्त्य कसरी गर्ने ? विभागको अनुगमन र कारबाही प्रभावकारी भएन भन्ने गुनासो छ । यसमा ध्यान दिनुपर्छ,' उनले भने ।

बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका प्रतिनिधिसँग उपभोग्य तथा अत्यावश्यक वस्तु, सेवाको आपूर्ति एवं वितरण र बजार अनुगमनलगायतका सम्बन्धमा छलफल भएको थियो । मन्त्रालयका सचिव मधुसुदन बुर्लाकोटीले पेट्रोलियम पदार्थको भण्डारण न्यून क्षमता र मुलुकको आन्तरिक आपूर्ति शृंखलामा बिचौलिया हाबी हुने समस्याबारे समितिलाई जानकारी गराए । विभागका महानिर्देशक राजन पौडेलले भारतबाट चिनी, चामल, गहुँ तथा प्याज आयातमा थप कोटाको व्यवस्था तथा निकासी महसुल छुट गरी आयात सहजीकरणका लागि कूटनीतिक पहल जारी राखेको जानकारी गराए । पेट्रोल सात दिन, डिजेल १२ दिन, मट्टितेल २६ दिन र हवाई इन्धन छ दिनको माग धान्न सक्नेगरी नेपाल आयाल निगमसँग ८९ हजार ९९० किलोलिटर भण्डारण क्षमता रहेको उनले जानकारी दिए ।

यस्तै विभिन्न ग्यास उद्योगसँग नौ हजार ११७ मेट्रिक टन एलपी ग्यासको भण्डारण क्षमता रहेकामा अहिले छ दिनको माग धान्नसक्ने मौज्दात रहेको छ । राष्ट्रिय खाद्यसुरक्षा भण्डारमा २५ हजार मेट्रिकटन र दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को खाद्य बैंकमा आठ हजार गरी ३३ हजार मेट्रिकटन खाद्यान्न मौज्दात कायम हुनुपर्नेमा अहिले ११ हजार मेट्रिक टनमात्र छ ।

# मौसमजन्य विपद्बाट एकैदिन ११ जनाको मृत्यु

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** विपद्का घटनामा परी मंगलबार देशका विभिन्न जिल्लामा ११ जनाको मृत्यु भएको छ । योसँगै अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी हालसम्म १६५ जनाको मृत्यु भएको छ । सोमबारसम्म १५४ जनाको मृत्यु भएको थियो ।

मंगलबार बागलुङ र गुल्मीमा बढी मानवीय क्षति भएको प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबाहादुर कार्कीले जानकारी दिए । बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौं उपत्यकामा तीन, कोशी प्रदेशमा २५, मधेस प्रदेशमा छ, बागमती प्रदेशमा ३०, गण्डकी प्रदेशमा ५०, लुम्बिनी प्रदेशमा ३३, कर्णाली प्रदेशमा आठ र सुदूरपश्चिम प्रदेशमा १० जना गरी हालसम्म १६५ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । विपद्मा परी आजसम्म १९८ जना घाइते भएका छन् भने १५१ जना बेपत्ता भएका छन् । प्रहरी प्रवक्ता कार्कीले मंगलबारमात्रै थप चार जना बेपत्ता भएका जानकारी दिए । उक्त अवधिमा विपद्का घटनाबाट चार हजार २५९ घर परिवार विस्थापित भएका छन् ।

### रात्रि बस नचलाउन प्राधिकरणको आग्रह

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भारी वर्षाको उच्च जोखिम क्षेत्रका सडकमा रात्रि बस नचलाउन सचेत गराएको छ । जल तथा मौसम विज्ञान विभागले बुधबारसम्म भारी वर्षा र अतिभारी वर्षा हुने प्रक्षेपण गरेको जनाउँदै प्राधिकरणले रातको समयमा सडक क्षेत्रमा बाढी र पहिराको आकलन गर्न कठिन हुने भएकाले उच्च जोखिम भएका जिल्लामा रात्रिकालीन बस नचलाउन सचेत गराएको हो ।

विभागले भारी र अतिभारी वर्षाका कारण कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका ३४ जिल्ला उच्च जोखिममा रहने प्रक्षेपण गरेको छ । विभागले ताप्लेजुङ, पाँचथर, संखुवासभा, तेह्रथुम, रसुवा, चितवन, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, दोलखा, म्याग्दी, बाग्लुङ, कास्की, पर्वत, स्यांजा, तनहुँ, नवलपरासीपूर्व, लमजुङ, गोरखा, कपिलवस्तु, रूपन्देही, पाल्पा, गुल्मी, दाङ, बाँके, बर्दिया, प्यूठान, अर्घाखाँची, रुकुमपश्चिम, कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी र बैतडीलाई उच्च जोखिममा राखेको छ ।

प्राधिकरणले विपद्को जोखिममा रहेका नागरिकलाई जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले समन्वय गरी तत्काल सुरक्षित आश्रयस्थलमा सार्न, जोखिमयुक्त क्षेत्रमा पूर्वतयारी र प्रतिकार्य गर्न विपद्सम्बन्धी काम गर्ने साझेदार संस्थालाई जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वयमा रहन सूचित गराएको छ ।

प्राधिकरणले उच्च जोखिमका जिल्लामा जुनसुकै बेला विपद् आउनसक्ने हुनाले खोज तथा उद्धारका लागि ती जिल्लाहरूका तीनवटै सुरक्षा निकायलाई तयारी अवस्थामा रहने, भारी वर्षाको अवधिभरि अत्यन्त जरुरी अवस्थामा बाहेक यात्रा नगर्न, नदी किनार र पहिरोको जोखिममा बसेका बासिन्दालाई चनाखो रहन आग्रह गरेको छ । *(राससको सहयोगमा)*

# चार जिल्लामा देखियो हैजा

**काठमाडौं (प्रस)–** देशका चार जिल्लामा हैजाका बिरामी फेला परेका छन् । स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. यदुचन्द्र घिमिरेले काठमाडौं, ललितपुर, कैलाली र प्यूठानमा हैजाका बिरामी देखिएको बताए । उनकाअनुसार यी चार जिल्लामा ३० जनामा हैजा पुष्टि भएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा हैजा परीक्षण गराउँदा ललितपुरमा १९, काठमाडौंमा एक, कैलालीमा आठ र प्यूठानमा दुई जनामा हैजा पुष्टि भएको हो ।

हैजा अतिसंक्रामक र शीघ्र फैलिने झाडापखाला भएकाले यसका मुख्य लक्षणमा चौलानी पानी जस्तो दिसा आउने, वाकवाकी लाग्ने र बान्ता हुने, कडा जलवियोजन हुने गर्दछ । संक्रमणले गम्भीर अवस्थामा आँखा गाडिने, मुख, जिब्रो र घाँटी सुक्खा हुने, पिसाबको रङ पहेलो हुने, रक्तचाप कम हुने, मुटुको धड्कन अनियन्त्रित हुने र बेहोस हुनेजस्ता समस्या हुने गरेका चिकित्सकले जनाएका छन् ।


"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि, समतामुलक विकास इन्द्रसरोवरको समृद्धि"

**इन्द्रसरोवर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

कुलेखानी, मकवानपुर

बागमती प्रदेश, नेपाल

**नदीजन्य पदार्थको उत्खनन, संकलन, विक्री तथा निकासीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०४/२३**

यस इन्द्रसरोवर गाउँपालिकाको तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन्, संकलन, बिक्री तथा निकासी गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ.फिट) | न्युनतम वोलतत्र रकम रु. (सेवा शुल्क र मू.अ.क बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १ | IRM/NCB/IR/01/081/082 | शेरा खोलाको निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री गर्ने | ४,४८,९३७.७० | ३१,४२,५६३.९७ | कबोल अङ्कको ३% | ५,००० |
| २ | IRM/NCB/IR/02/081/082 | कुलेखानी खोलाको ठूलोचौर क्षेत्र र ठूलोचौर देखि वडा नं. २ र ३ को सिमानामा रहेको हित्तल खोला र कुलेखानी खोला जोडिएको क्षेत्र सम्मको निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री गर्ने | ७,३९,४८९.१३ | ५१,७६,४२३.९१ | | ५,००० |
| ३ | IRM/NCB/IR/03/081/082 | चिवास देखि वडा नं. २ र ३ को सिमानामा रहेको हित्तल खोला र कुलेखानी खोला जोडिएको क्षेत्र सम्म र सिस्नेरी खोला (कुलेखानी खोला) को डौडारे-कल्लेरी-कुन्टार सम्मको निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री गर्ने | ३,८२,९६९.८२ | २६,८०,७८९.४४ | | ५,००० |

- बोलपत्र पेश गर्ने मिति र समयः २०८१/०५/२१ दिनको १२ बजे
- बोलपत्र खोल्ने मिति, समय र स्थानः २०८१/०५/२१ दिनको १३ बजे, इन्द्रसरोवर गाउँ कार्यपालिकाको कार्यालय, कुलेखानी मकवानपुर
- बोलपत्र सम्बन्धी कागजात खरिदको लागि बैंक खाता सम्बन्धी विवरण

**खाताको नामः ग १.१ आन्तरिक राजश्व खाता (इन्द्रसरोवर गा.पा.)**

- खाता नं. ३५६०४०१००००००८
- बैंकको नामः ग्लोवल आइ एम इ बैंक, इन्द्रसरोवर शाखा, मकवानपुर

**बोलपत्र जमानतको बैंक खाता सम्बन्धी विवरण**

- खाताको नामः ग ३ स्थानीय तह धरौटी खाता (इन्द्रसरोवर गा.पा.)
- खाता नं. ३५६०४०१००००००४
- बैंकको नामः ग्लोवल आइ एम इ बैंक, इन्द्रसरोवर शाखा, मकवानपुर
- राजश्व दाखिला गर्दा सम्बन्धित फर्मको नाम र सम्पर्क नम्बर अनिवार्य खुलाउनु पर्नेछ ।
- ठेक्का स्वीकृत भएमा कबोल रकम तीन किस्तामा बुझाउनु पर्नेछ । ठेक्का सम्झौता अगाबै तीन किस्ता मध्ये प्रथम किस्ता ३३% अग्रिम बुझाउनु पर्ने छ र बाँकि २ किस्ताको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट मिति २०८२ श्रावण मसान्त सम्म म्याद भएको सक्कल बैंक जमानत पेश गर्नु पर्नेछ साथै बाँकि दोस्रो किस्ता बापत कुल सम्झौता रकममध्येको ३३% मिति २०८१/१०/३० गते सम्म र तेस्रो किस्ता ३४% मिति २०८२/०३/१५ गते बुझाउनुपर्नेछ । प्रथम किस्ता बुझाइ बैंक जमानत पेश गर्न समय थप गर्न माग गर्न पाइने छैन/सकिने छैन ।

**बोलपत्र सम्बन्धी शर्तहरु तथा थप जानकारीका लागि indrasarowarmun@gmail.com, infra.indrasarowar@gmail.com, मा सम्पर्क गर्नुहोला । साथै www.bolpatra.gov.np बाट पनि Download गर्न सकिनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BUILDTECH TRADING & BUILDING MATERIALS CO. W.L.L**

पुर्व स्वीकृति मिति २०८१/०४/२१ | LT. No. 308438 | चलानी नं. ६०२२३१२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४४,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३६,८७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**

श्रम ईजाजत नं. 1587/079/80

Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ESTABLISHMENT HAKAYA LUQMA COMMERCIAL**

पूर्व स्वीकृति मितिः २०८१/०४/१० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२२ | LT. No. 307986 | चलानी नं. ६०२२२६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Kapeel Manpower Pvt. Ltd.**

श्रम ईजाजत नं. १८५/०५७/०५८

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407, Mobile: 9851324457, 9823299605
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL MASAR INTERNATIONAL TRANSPORT COMPANY**

पूर्व स्वीकृति मिति २०८१/०४/२२ | LT. No. 308512 | चलानी नं. ६०२२३१५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Duty Driver (trailor) | 5 | 0 | 1800 | ६४,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Reliance Recruitment Services Pvt. Ltd.**

श्रम ईजाजत नं. ९७१/०६७/०६८

Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AALI AL SHAMOUKH CONTRACTING EST**

पूर्व स्वीकृति मिति २०८१/०४/२१ | LT. No. 308454 | चलानी नं.६०२२३११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**ARANIKO OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. 267/058/059

Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARKAN YATHRIB TRANSPORT CORPORATION**

पूर्व स्वीकृति मिति : २०८०/०६/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२२ | LT. No. 293512 | चलानी नं.६०२०८६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FLOWER SWEET COMPANY FOR SWEETS AND PASTRIES.**

पूर्व स्वीकृति मिति : २०८०/०५//२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०४/२२ | LT No.292600 | चलानी न ६०२०७७६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook / Cook | 20 | 0 | 120 | ५१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Tools Cleaner | 16 | 9 | 100 | ४३,२१० | | | | | | | |
| 3 | Light Driver | 20 | 0 | 135 | ५८,३३० | | | | | | | |
| 4 | Worker / Product Packaging | 15 | 3 | 110 | ४७,५३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Dubai Overseas International Pvt. Ltd.**

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FATMA ODIWA MEN'S SHAVING COMPANY**

पूर्व स्वीकृति मितिः २०८१/०४/२२ | LT. No.308392 | चलानी नं. ६०२२३१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barbers | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)

श्रम ईजाजत नं. ११०८/०७३/०७४

Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# विश्वास गर्न नसकिने प्रतिबद्धता

भ्रष्टाचार नियन्त्रणमा निर्मम बन्ने प्रधानमन्त्री केपी शर्मा ओलीको प्रतिबद्धता नयाँ होइन । यसअघि तीनपटक प्रधानमन्त्री बन्दासमेत उनले भ्रष्टाचार नियन्त्रणका लागि कडा प्रतिबद्धता जनाएका थिए । 'भ्रष्टाचार गर्दिनँ, भ्रष्टाचार गर्नेको अनुहारै हेर्दिनँ' भन्ने प्रधानमन्त्री ओलीको प्रतिबद्धतापूर्ण नाराले सबैको ध्यान तानेको थियो । तर, व्यवहारमा भने उनले ठीक उल्टो कार्यान्वयन गरे । आफ्नो प्रतिबद्धता बिर्से । उनकै पालामा विभिन्न भ्रष्टाचारका काण्डहरू भए । जसकारण उनीप्रति विश्वास गर्ने अवस्था रहेन ।

जनताले त विश्वास गर्न छाडिसके । संघीय संसद्का सांसदहरू पनि प्रधानमन्त्री ओलीको बोलीमा विश्वस्त नरहेको पाइयो । मंगलबार संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा सांसदहरूले यही कुरा उठाए । प्रतिबद्धतामा कडा देखिएका प्रधानमन्त्री ओली व्यवहारमा किन उल्टो गरिरहेका छन् ? सांसदहरूको प्रश्न थियो । प्रतिपक्षी दलका सांसदहरूले त स्वाभाविक रूपमा ओलीमाथि आलोचना गर्ने नै भए, तर सत्तारुढ दलकै सांसदहरूले पनि उनीमाथि प्रश्न उठाए । प्रधानमन्त्रीसँग कार्ययोजना मागे ।

प्रधानमन्त्री ओलीले भने पुरानै प्रतिबद्धता दोहोऱ्याए । भ्रष्टाचार नियन्त्रणमा कसैप्रति पूर्वाग्राही नबन्ने बताए । भ्रष्टाचार गरेको भए जोसुकैलाई कारबाहीको दायरामा ल्याउन आफ्नो सरकार दृढ रहेको उल्लेख गरे । तर, सांसदहरू विश्वस्त देखिएनन् । ओली ती नेता हुन्, जो यसअघि दोस्रो र तेस्रोपटक प्रधानमन्त्री भएका बेला काण्डैकाण्ड बाहिरिएको थियो । सुरक्षण मुद्रण प्रकरण, यतीकाण्ड, ओम्नीकाण्ड, टेरामक्सकाण्डलगायत काण्ड ओली प्रधानमन्त्री भएका बेला भएका थिए । गिरिबन्धु टि–स्टेटको जग्गा सट्टाभर्नासम्बन्धी विवादित निर्णय उनकै पालामा भएको थियो ।

यस्तै प्रकरणहरूले गर्दा जनतादेखि सांसदसम्म ओली सरकारले भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नेमा ढुक्क छैनन् । ओली नेतृत्वको वर्तमान सरकारमा ती विभिन्न प्रकरणमा मुछिएका नेताहरू नै मन्त्री छन् । जसले गर्दा पनि ओलीप्रतिको अविश्वास बढको हो । सांसदहरूले भ्रष्टाचारले मुलुक आक्रान्त बनेकोले बंगलादेशमा जस्तै जनआक्रोश सडकमा पोखिनसक्नेतर्फ सरकारलाई सचेत गराए । बंगलादेशको पछिल्लो घटनाक्रमसँगै नेपाल पनि त्यही अवस्थामा पुग्ने हो कि भन्ने आमजनचासो बढिरहेको सन्दर्भमा सांसदहरूले त्यो आशंकालाई थप उजागर गरेका छन् । ओलीमात्रै होइन, जोसुकै प्रधानमन्त्री बने पनि भ्रष्टाचार नियन्त्रण कार्य नारामै सीमित बन्दै आएको छ । अहिले ओलीलाई काम गरेर देखाउने अवसर छ । किनकि, दुईतिहाइको सरकार नेतृत्व गर्न पाएका छन् । सवल पक्ष भनेको संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको साथ पाएको छ । त्यसैले अब पनि गफमा मात्रै सीमित हुने छुट ओलीलाई छैन ।

# स्तनपान कक्षको व्यवस्थातर्फ अझै उदासीनता

## सन्दर्भः विश्व स्तनपान सप्ताह



■ सिर्जना बस्नेत

> पछिल्लो समय शारीरिक सौन्दर्य बिग्रने डरले र बच्चाको चाँडो विकास हुने भ्रमले कतिपय महिलाहरूले शिशुलाई स्तनपान नगराई वैकल्पिक पदार्थ खुवाउँदा बालमृत्युको जोखिम बढ्न गएको चिकित्सकहरूको भनाइ छ । यस्ता गलत विचारहरूको अन्त्यका लागि पनि दिवस, सप्ताहहरूको सान्दर्भिकता देखाउँछ । प्रत्येक वर्ष उत्सवका रूपमा 'विश्व स्तनपान सप्ताह' मनाउनुको मर्म त्यतिबेला पूरा हुने छ, जतिबेला एउटी आमाले विनासंकोच आफ्ना सन्तानहरूलाई सार्वजनिक ठाउँहरूमा छुट्टै कोठामा बसेर स्तनपान गराउन सक्ने छिन् ।

प्रत्येक वर्ष १ अगस्टदेखि ७ अगस्टसम्म मनाइने 'विश्व स्तनपान सप्ताह' नेपालमा पनि विभिन्न सरकारी, गैरसरकारी निकायहरूले मनाइरहेका छन् । विश्वका १२० भन्दा बढी देशहरूमा स्तनपान सप्ताहलाई उत्सवका रूपमा मनाउने गरिन्छ । नेपालमा पनि यो वर्ष साउन १७ देखि साउन २२ (१ अगस्टदेखि ७ अगस्ट २०२४) सम्म विश्व स्तनपान सप्ताह मनाइँदै छ ।

वर्ल्ड अलायन्स फर ब्रेस्टफिडिङ एक्सन, विश्व स्वास्थ्य संगठन र युनिसेफले एकसाथ जीवनको पहिलो छ महिनाका लागि पूर्ण स्तनपानलाई बढावा दिने लक्ष्य लिएर यो दिवस साताव्यापीरूपमा मनाउने गरिएको छ । यो उत्सवको उद्देश्य नयाँ आमाबुबाहरूबीच जागरुकता पैदा गर्न र संसारभरमा शिशु स्वास्थ्यमा सुधार गर्नु हो । यस वर्षको विश्व स्तनपान सप्ताहको नारा 'स्तनपानमा समानताः सबैको सहयोग र सहभागिता' रहेबाट पनि स्तनपानमा सबैको सहयोग र सहभागिता आवश्यकतालाई प्रस्ट हुन्छ ।

सरकारी कार्यालयको मुख्य प्रवेशद्वारमा नै 'विश्व स्तनपान सप्ताह' लेखिएको ब्यानर झुन्डिएका छन् । त्यही सरकारी कार्यालयमा सेवा लिन पुगेकी महिलाले काखमा बोकेको दूधे बालकलाई दूध चुसाउन कति सहज वातावरणको व्यवस्थापन गरेका छौं भन्नेचाहिँ कहिल्यै बहसको विषय बनेको पाइँदैन । म स्वयं स्तनपान गराउने आमा भएका कारण पनि आमाहरूले आफ्ना बच्चाहरूलाई स्तनपान गराउन भोग्नुपरेका सास्तीहरूको नमीठा घटनाहरूको स्वाद चाखेको छु । म जस्ता धेरै आमाहरूले आफ्ना सन्तानलाई चाहेर पनि स्तनपान गराउन पाइरहेका छैनन् ।

केही दिनअघि काखमा नौ महिने छोरी च्यापेर राष्ट्रिय वाणिज्य बैंकको काउन्टरमा लाइनमा उभिएकी एक महिलाको दुवै स्तनबाट दूध बगेर कुर्ता भिजेको प्रस्ट देखिएको थियो । लाइनमा महिलाहरूको भन्दा पुरुषहरूको संख्या धेरै थियो । उनले बच्चालाई दूध चुसाउन अप्ठ्यारो महसुस गरिरहेकी थिइन् । नजिकै कतै पनि बच्चालाई दूध चुसाउन मिल्ने गोप्य कोठाको व्यवस्था थिएन ।

एकातिर आमाको दूध गानिएर कुर्ता भिजेको थियो भने अर्कोतिर दूधे बालकको घाँटी सुकेर रोइरहेको थियो । लाइनमा उभिएकी महिलाको बच्चा हेरचाह गर्न साथी आएकी अर्की बहिनीले बट्टाको दूध बच्चालाई खुवाउँदै गर्दा आफूले ओढेको सलको फेरले उनले भिजेका स्तन छोपेर उनी लाइनबाटै काखे बच्चाले बोतलमा दूध पिएको हेरिरहिन् ।

यस्तै, अर्को घटनाले पनि मलाई निकै असजिलो बनायो । १८ महिने छोरालाई साथमा लिएर नगरपालिकामा जग्गाको तिरो तिर्न आएकी एक महिलालाई उसको छोराले कुर्ताको फेर तानेर लाइनबाट बाहिर निस्कन कर गर्दै थियो । १८ महिने बालकलाई सायद आमाले सिकाइएको थियो होला मान्छेहरूको अगाडि दूध खान हुँदैन भनेर । बारम्बार छोरालाई सम्झाउँदा सम्झाउँदै पनि बालक मानिरहेको थिएन ।

बालकको जिद्दी र रुवाइको अगाडि ती महिलाको केही लागेन । उनी लाइनबाट बाहिर निस्किएर धेरैबेर यताउता आँखा डुलाइन । जति आँखा डुलाए पनि उनले बालकलाई दूध चुसाउने गोप्य कोठा वा ठाउँ फेला पार्न सकिनन् । गर्मीको समय अनि बालकको रुवाइले झर्किएर उनले गेटमा टाँगिएको 'विश्व स्तनपान सप्ताह' ब्यानरको पछाडिपट्टि छेकिएर बालकलाई दूध चुसाइन् ।

यस्ता प्रतिनिधि घटनाहरू दैनिक आँखाकै अगाडि ठोक्किन आउने पात्रहरूका बाध्यताहरू हुन् । सरकारी कार्यालय, सार्वजनिक जमघट हुने स्थान, पार्क, विद्यालय, होटल रेस्टुरेन्ट तथा पाटी प्यालेसहरूमासमेत स्तनपान कक्षको छुट्टै व्यवस्था नहुँदा दूधे बालकमा आमाहरू बच्चालाई दूध चुसाउन असहज महसुस गर्दछन् । ग्राहकको रुचि र मागलाई ध्यानमा राखेर होटलहरूमा धूमपान कक्षको व्यवस्था गर्न ध्यान पुग्ने होटल सञ्चालकहरूले पनि बच्चाका आमा पनि ग्राहक हुन्छन् अनि बच्चालाई दूध चुसाउने गोप्य कोठाको व्यवस्थामा पनि गर्नु पर्दछ भन्नेमा ध्यान पुगेको छैन ।

कानुनमा स्तनपान नवजात शिशुका लागि नैसर्गिक अधिकारका रूपमा परिभाषित गरिएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को परिच्छेद ३ को दफा १३ मा उल्लेख गरिएको प्रसूति बिदाको अधिकारभित्र नवजात शिशुलाई स्तनपान प्रवर्द्धन र सहजीकरणका लागि ९८ दिन पूर्ण तलबी बिदाको व्यवस्था गरेको छ भने आवश्यक परेमा चिकित्सकको रायसल्लाहअनुसार बढीमा एक वर्षसम्म बेतलबी बिदा पाउने अधिकारको व्यवस्था गरेको छ । ऐनमा सबै प्रकारका सरकारी, गैरसरकारी वा निजी संघ संस्थाले आफ्नो कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दूध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ ।

त्यस्तै, हरेक कार्यालय, स्कुल, बसपार्क र एयरपोर्टजस्ता स्थानमा छुट्टै स्तनपान कक्ष हुनुपर्ने व्यवस्था गरेको छ । किशोर अवस्थामा छातीमा स्तनको आकार आएदेखि नै सल वा पछ्यौराले छोपेर हिँड्न सिकेका हुन्छौं । विवाहपछि बच्चालाई खुलारूपमा धेरै जनाको अगाडि नै स्तनपान गराउन लाज र संकोचले गर्दा असहज मान्नु स्वाभाविक नै हो । स्तन भनेको महिलाको गोप्य अंग नै मानिएको छ । गोप्य अंग सार्वजनिक ठाउमा देखाउनु लाजको विषय हो । गर्भवतीले गर्भधारण गरेदेखि नै बच्चालाई स्तनपान गराउने सपना देख्न थालिसकेकी हुन्छिन् । स्तनपान नवजात शिशुका लागि अमृतजत्तिकै हुन्छ । बच्चा जन्मिएको एक घण्टाभित्र नै प्रारम्भिक स्तनपान गराइन्छ । प्रारम्भिक स्तनपानमा सुत्केरी भएको एक घण्टाभित्रको बाक्लो बिगौती दूध खुवाउँदा बच्चाको शरीरमा रोगसँग लड्नसक्ने क्षमताको विकास हुन ठूलो योगदान पुग्ने गरेको विभिन्न अध्ययनले देखाएको छ ।

त्यसैगरी, बच्चा जन्मेदेखि छ महिनासम्म आमाको दूध मात्र खुवाउनु पूर्ण स्तनपानको सूचकका रूपमा लिन सकिन्छ । छ महिनासम्मका शिशुलाई आवश्यक पर्ने सबै पौष्टिक तत्त्व आमाको दूधमा पर्याप्त मात्रामा पाइने भएकाले जन्मेको आधा घण्टाभित्र स्तनपान सुरु गरिसक्नुपर्ने र २४ घण्टामा आठदेखि १० पटकसम्म आमाको दूध खुवाउनुपर्ने चिकित्सकहरू बताउँछन् । शिशुलाई दुई वर्षसम्म निरन्तर आमाको दूध खुवाए उनीहरूको बौद्धिक र शारीरिक विकास चाँडो हुने र स्वस्थ रहन्छन् ।

विशेषगरी कामकाजी महिलाहरूले बच्चालाई पूर्ण स्तनपान गराउन नसक्नु अहिलेको मुख्य समस्या हुन पुगेको छ । सुत्केरी बिदा सकिएर कार्यालय फर्किंदा उनको अगाडि कामको थुप्रो थुपारिएको हुन्छ । दिनको एक घण्टा बच्चालाई भेट्ने समय निकाल्न महिला कर्मचारीका लागि निकै मुस्किलको विषय बनेको छ । कार्यालयमा पुरुष कर्मचारीको संख्याभन्दा महिला कर्मचारीको संख्या धेरै भए पनि महिनावारी हुँदा, गर्भवती हुँदा वा सुत्केरी भइसकेर बच्चालाई दूध चुसाउने छुट्टै कोठाको व्यवस्था नहुँदा कामकाजी महिलाले बच्चालाई पूर्ण स्तनपान गराउन सकेका छैनन् ।

सुत्केरी बिदा सकेर कार्यालय फर्किएदेखि नै बट्टाको तयारी दूध खुवाएर बच्चाको पेट भर्नुपर्ने कामकाजी महिलाको बाध्यता रहेको छ । सुत्केरी बिदा बस्दा घरमा सहजरूपमा स्तनपान गराए पनि कामकाजी महिलाले कार्यालयमा स्तनपान कक्षा वा बच्चा स्याहार कोठाको छुट्टै व्यवस्था भएको पाइँदैन । दूध चुसाउने आमाहरू बच्चा लिएर यात्रामा होस् वा अन्य कुनै कामको सिलसिलामा घर बाहिर निस्कन पऱ्यो भने स्तनपान गराउने गोप्य कोठाको अभावमा बच्चालाई बोतलको दूध चुसाउन बाध्य हुन्छिन् ।

कार्यालयमा स्तपान कक्ष तथा शिशु स्याहार कक्षको व्यवस्था हुने भए हेरालु राखेर भए पनि कामकाजी महिलाले समयसमयमा बच्चालाई स्तपान गराउन सक्ने छन् । सार्वजनिक स्थान, सरकारी कार्यालय, विद्यालय, होटल तथा रेस्टुरेन्टहरूमा पनि स्तनपान कक्षको व्यवस्था हुने हो भने दूधे बालककी आमाले निर्धक्क दूध चुसाउन सक्ने थिइन् । अहिलेका नाबालक शिशुहरूले आमाको पूर्ण स्तनपान गर्न नपाए शारीरिक तथा मानसिक रोगको सिकार हुनसक्ने जोखिम हुन्छ ।

विश्व स्वास्थ्य संगठनले आमाको दूधको विकल्पमा प्रयोग हुने वस्तुहरूका कारण आमाहरूले बच्चालाई दूध खुवाउन नखोज्ने गरेको भन्दै त्यस्ता वस्तुको नियन्त्रणमा जोड दिएको छ । पछिल्लो समय शारीरिक सौन्दर्य बिग्रने डरले र बच्चाको चाँडो विकास हुने भ्रमले कतिपय महिलाहरूले शिशुलाई स्तनपान नगराई वैकल्पिक पदार्थ खुवाउँदा बालमृत्युको जोखिम बढ्न गएको चिकित्सकहरूको भनाइ छ । यस्ता गलत विचारहरूको अन्त्यका लागि पनि दिवस, सप्ताहहरूको सान्दर्भिकता देखाउँछ । प्रत्येक वर्ष उत्सवका रूपमा 'विश्व स्तनपान सप्ताह' मनाउनुको मर्म त्यतिबेला पूरा हुने छ, जतिबेला एउटी आमाले विनासंकोच आफ्ना सन्तानहरूलाई सार्वजनिक ठाउँहरूमा छुट्टै कोठामा बसेर स्तनपान गराउन सक्ने छिन् । सरकारी वा निजी कार्यालयको ढोकामा टाँगिएको ब्यानरले मात्रै कुनै अर्थ राख्दैन । *रासस*

*(लेखक बालस्वास्थ्य र अधिकारका क्षेत्रमा क्रियाशील छिन्)*

## मनन्योग्य

### चाणक्य नीति

त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइरहेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'ध

यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किंदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।' एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।' *क्रमशः*

## पत्र-मञ्जुषा

# बैंकमै सुरक्षित छैन सर्वसाधारणको बचत

हामी आमनागरिक दिनभर काम गर्छौं । कमाएको पैसाले बिहान-बेलुकाको छाक टार्छौं । तर, अहिले मानिसलाई पैसा भए पनि र नभए पनि तनाव नै छ । पैसा नहुनेलाई जीविकोपार्जन कसरी गर्ने ? कसरी गुजारा चलाउने ? भन्ने पेन्सन छ त पैसा हुनेलाई कहाँ राख्ने भनेर तनाव छ । घरमा पैसा राखौं भने ज्यानै असुरक्षित र बैंक, वित्तीय संस्थामा राख्दा खाताबाटै चोरी हुने डर । पछिल्लो समय बैंकको खाताबाटै बचतकर्ताको रकम गायव वा चोरी भएको घटना बाहिरिएका छन् । अहिले आमसर्वसाधारण भन्छन्, 'बैंकमा पैसा राख्नु जोखिम मोल्नु बराबर भयो ।' बैंककै कर्मचारीले बचतकर्ताको खाताबाट रकम चोरी गरेको तथ्य फेला परेको छ । अनि यस्तो अवस्थामा कसरी जनताले बैंकमाथि विश्वास गरेर पैसा जम्मा गर्ने ?

बैंक, वित्तीय संस्थामाथि सर्वसाधारणको विश्वास घट्दै गएको छ । यस्तो हुनुमा पनि यीनै दोषी छन् । सहकारीका कारण करोडौं बचतकर्ताको बिल्लीबाठ भयो । बचतकर्ताहरू घर न घाटका बनेका छन् । सहकारीले एकै बचतकर्ताको लाखदेखि करोडौं रकम खाइदिएको छ । विश्वासमा परेर सहकारीमा पैसा राखेका ती सर्वसाधारण आज मर्नु कि बँच्नु अवस्थामा पुगेका छन् । पाँच वर्षअघि बैंक, सहकारी, लघुवित्त, फाइनान्समा पैसा राखेका सर्वसाधारण आफ्नो पैसा सुरक्षित छ भनेर निर्धक्क निदाउँथे । तर, अहिले बैंकमा पैसा राखेका जनता रातभर निदाउँदैनन् । बैंकका सञ्चालक, कर्मचारीहरूले आफ्नो पैसा त चोरेनन् भन्ने पीरले उनीहरूलाई निन्द्रा नै लाग्दैन ।

यता, सहकारी, लघुवित्त, फाइनान्समा बचत गरेका सर्वसाधारणको त पैसा डुबिसक्यो । किनकि सञ्चालक, अध्यक्ष र कर्मचारीहरू भागिसके । त्यसैले, उनीहरूलाई पनि आफ्नो जीवनभरको कमाइ डुबेपश्चात् रातभर निन्द्रा लाग्दैन । केही वर्षअघि काठमाडौंको चावहिलस्थित सरस्वतीनगरमा दिउँसै एक महिलाको हत्या भयो । उनको हत्या एउटा सुनको सिक्रीको लागि भएको प्रहरी अनुसन्धानको क्रममा भेटिएको थियो । यो त एउटा उदाहरणमात्रै हो । यस्ता थुप्रै घटना छन् । जसमा कमजोर आर्थिक अवस्था भएपछि मानिसहरूले पैसा वा सुनकै लागि अरूको हत्या गर्छन् । त्यसैले, अहिले घरमा पैसा राख्नु पनि जोखिमपूर्ण बन्दै गएको छ ।

फेरि बैंक, वित्तीय संस्थामा पैसा राख्नु पनि त्यत्तिकै जोखिम बनेको छ । दशकअघि बैंक, वित्तीय संस्थाको स्थापना भएको थिएन । जसका कारण मानिसहरू घरमै पैसा राख्थे । तर, अहिलेजस्तो दराजमा राखिँदैनथ्यो । त्यतिखेर माटोको गाग्रीमा पैसा राखेर खाल्डो खनेर गाडिन्थ्यो । कतिपयले त घरको छानामासमेत कसैले थाहा नपाउनेगरी पैसा राख्थे । बैंक, वित्तीय संस्थाको स्थापनासँगै सर्वसाधारणले घरमा पैसा राख्न छोडे । एक-दुई पैसा भए पनि ब्याज आउँछ र सुरक्षित पनि हुन्छ भनेर आमनागरिकले बैंक, वित्तीय संस्थामा आफूसँग भएको रकम जम्मा गरे । तर, आज उनीहरूले आफ्नो पैसा नै गुमाएका छन् । ब्याजको प्रलोभनमा पर्दा र पैसा सुरक्षित हुने आशमा बैंक, वित्तीय संस्थामा राख्दा साँवा नै गुमाउनुपरेको छ ।

देशभर ३५ हजार बढी सहकारी दर्तामा छन् । ती सहकारीमा करोडौं बचतकर्ताले खर्बौं रकम जम्मा गरेका थिए । तर, सहकारीका सञ्चालक, अध्यक्ष र कर्मचारीहरू बचतकर्ताको रकम लिएर रातारात फरार भएका छन् । सहकारी, लघुवित्त, फाइनान्सहरू डुबिसके भनेर सबैलाई थाहै छ । यी संस्था डुबे पनि यसको सेयरको मूल्य भने दलालीहरूले बढाइरहेका छन् ।

एक सय रूपैयाँको सेयर २८ सय रूपैयाँ पुऱ्याएका छन् । एकातिर सेयर दलालीहरू महँगोमा सेयर बेचेर सर्वसाधारण ठग्ने, अर्कोतिर बैंक, वित्तीय संस्था । जग्गा दलाली तथा गाडी व्यवसायीहरू पनि जनता नै लुट्ने । आनाको एक लाख रूपैयाँ नपर्ने खेतीयोग्य जमिन दलाली तथा भूमाफियाहरूले खण्डीकरण गरी आनाकै करोडमा बेचेका छन् ।

अहिले बेरोजगारी बढेको छ भने महँगी छोइनसक्नु भएको छ । बिहान-बेलुकाको छाक टार्नसमेत सर्वसाधारणलाई धौधौ पर्न थालेको छ । सरकारले विदेशीसँग २७ खर्ब ऋण लिइसक्यो । प्रत्येक नेपालीको टाउकोमा लाखौं रूपैयाँ विदेशी ऋण छ । विदेशी ऋण नतिरे भोलि हाम्रो देशै नरहने जोखिम र चिन्ता पनि बढ्दै गएको छ । यद्यपि, सरकारमा बसेकाहरू अहिले पनि यसप्रति गम्भीर देखिँदैनन् । अहिले सरकार एउटा देशबाट ऋण लिन्छ अनि अर्कोको साँवाब्याज तिर्छ । तर, यो कहिलेसम्म ? राज्यको ढुकुटीमा राजस्व उठ्न छोडेको छ । उठेको राजस्वले सरकारी कर्मचारीलाई समेत तलबभत्ता दिन पुग्दैन । अनि देश विकासचाहिँ कसरी हुन्छ ? कसरी जनताले सेवासुविधा पाउँछन् ?

अहिले जनताहरू नेताहरूको विरोधमा लागिसकेका छन् । उनीहरू एक जुट हुँदै छन् । जनता सडकमा उत्रिएपछि कसैको केही लाग्दैन भन्ने उदाहरण आज हामीमाझ नै छ । श्रीलंकाका राष्ट्रपति र बंगलादेशकी प्रधानमन्त्री जनता सडकमा आएपछि देशै छोडेर भाग्न बाध्य भए । र, नेपालमा पनि यस्तो नहोला भन्न सकिँदैन । त्यसैले, राजनीतिक दलहरू बेलैमा सचेत बनुन् ।

**– प्रकाश खड्का, धादिङबेसी**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online







**मुख्यमन्त्री कार्यालय नै जलमग्न** | सोमबार रातिदेखि परेको अविरल बर्षापछि जलमग्न जनकपुरधामस्थित मधेस प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेशको राजधानी जनकपुरधाम उपमहानगरपालिका–१४ रजौलको जलमग्न अवस्था । *तस्बिरः अमरेन्द्रकुमार यादव/रासस*

# नारायणगढमा समातिएको बाघ निकुञ्जमा छाडियो

**चितवन (प्रस)–** नारायणगढको नारायणी नदी किनारबाट नियन्त्रणमा लिइएको बाघलाई चितवन राष्ट्रिय निकुञ्जमा छाडिएको छ । उक्त बाघलाई निकुञ्जको भित्री क्षेत्रमा सोमबार साँझ छाडिएको हो ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार नियन्त्रणमा लिइएको बाघको स्वास्थ्य अवस्था राम्रो रहेको छ । एक रात सौराहामा राखेर स्वास्थ्य अवस्था हेरेर निकुञ्जको भित्री भागमा छाडिएको हो । सूचना अधिकारी तिवारीले भने, 'स्वास्थ्य, उमेर र मानिसलाई गरेको हानिको मूल्यांकन गरेर जंगलमा छाडिएको हो ।'

उनका अनुसार बाघ बूढो भएर सिकार गर्न नसक्ने भएमा नरभक्षी हुनसक्छ । बाघले बाटो बिराएर नारायणी किनारमा पुगेको र मानिससँग जम्काभेट हुँदा आक्रमण गरेको उनको भनाइ छ । रातको समयमा बाघ सक्रिय हुने र जंगल फर्किन ढिलो भएर मानिससँग जम्काभेट भएको हुनसक्ने अनुमान गरिएको छ । बाघले मानिसलाई आक्रमण गरेर घाइते बनाएपछि नजिकैको नरकट घारीमा लुकेको थियो । आइतबार बिहान घटना भएकामा साँझ बाघलाई नियन्त्रणमा लिएर सौराहा लगिएको थियो ।

बाघ अन्दाजी पाँच/छ वर्षको भाले हो । उद्धार गरिएको बाघ बूढो भए उसले प्राकृतिकरूपमा सिकार गर्न नसक्ने आधारमा खोरमै राख्ने गरिन्छ । निकुञ्ज क्षेत्रमा खोरमा अहिले छवटा बाघ रहेका छन् । जसमध्ये दुईवटा देवनगरमा, तीनवटा कसरा र एउटा सौराहामा छन् ।

# मधेस सरकारमा थपिए पाँच राज्यमन्त्री




**धनुषा (प्रस)–** मधेस प्रदेश सरकारमा पाँच जना राज्यमन्त्री थपिएका छन् । मंगलबार प्रदेशकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले मन्त्रिपरिषद् पुनःगठन गरेकी हुन् । प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहको सिफारिसमा उनले संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मंगलबार मन्त्रिपरिषद् पुनःगठन गरेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार पुनःगठित मन्त्रिपरिषद्मा नेपाली कांग्रेसबाट दुई तथा नेकपा एमाले, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी एक/एक जना राज्यमन्त्रीमा नियुक्त भएका छन् । कांग्रेसका तर्फबाट रेखा ठाकुर भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री र निलमकुमारी रजक ऊर्जा, सिँचाइ तथा खानेपानी राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

त्यसैगरी एमालेका मोहम्मद जैद आलम भौतिक पूर्वाधार विकास राज्यमन्त्री, लोसपाका रामबाबु यादव शिक्षा तथा संस्कृति राज्यमन्त्री र जनमतका शम्भुकुमार साह उद्योग, वाणिज्य तथा पर्यटन राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

नवनियुक्त राज्यमन्त्रीहरूलाई मुख्यमन्त्री सिंहले मंगलबार नै पद तथा गोपनीयताको शपथ गराएका छन् । सो अवसरमा प्रदेश प्रमुख, सभामुखलगायतका उपस्थिति थियो ।

# स्वास्थ्य कार्यालयको स्टोरमा म्याद गुज्रिएका औषधि

**त्रिशूली (नुवाकोट)–** स्वास्थ्य कार्यालय नुवाकोटले पछिल्लो १० वर्षदेखि म्याद सकिएका औषधिजन्य सामग्री नष्ट गर्न बजेट अभावले भण्डारण कक्ष (स्टोर) मा राख्न बाध्य भएको छ । जिल्लामा रहेका स्वास्थ्य संस्थामार्फत बिरामीलाई निःशुल्क वितरण गर्न कार्यालयले खरिद गरेको र माथिल्ला निकायबाट प्राप्त गरेका औषधि उपभोग भएसँगै म्याद सकिएर थन्किएको कार्यालयका जनस्वास्थ्य अधिकृत झमप्रसाद आचार्यले जानकारी दिए ।

उनका अनुसार म्याद सकिएका औषधि तोकिएका मापदण्डअनुसार नष्ट गर्ने प्रक्रिया पूरा गर्न बजेट अभावमा पछिल्लो १० वर्षदेखि स्टोरमा थन्किएको छ । 'औषधि नष्ट गर्ने दुई विधि छन् । त्यसमा भएका रासायन हटाइ तातो भाडोमा जलाएर खरानी बनाउने अथवा त्यसलाई केलाएर धुलो बनाइ सिमेन्टसँग मिसाएर जमिनमा गाड्नुपर्छ,' जनस्वास्थ्य अधिकृत आचार्यले भने, 'कार्यविधिअनुसार नष्ट गर्न बजेट नहुँदा विगतदेखि थन्किाउँदै आएका छौं ।'

म्याद सकिएका औषधिजन्य सामग्रीमा विपद् र महामारीमा प्रयोग गर्ने औषधि धेरै छन् । कोभिड–१९ र भूकम्पको समयमा वितरण गर्न प्राप्त भएको तर, उपभोग नहुँदा म्याद गएका औषधि हालसम्म स्टोरमा थन्किएका छन् । बागमती प्रदेश सरकार मातहत पर्ने स्वास्थ्य कार्यालयमा पछिल्ला वर्षमा म्याद सकिएका औषधिको परिणाम वृद्धि हुँदै गएको छ । छोटो अवधिको म्याद रहेका र जिल्लाबाट माग नभई प्राप्त भएका औषधि खपत नहुँदा म्याद सकिएर थन्किने दर बढेको हो ।

विगत एक दशकदेखि जम्मा भएका ती औषधि ६० पोकाभन्दा बढी छन् । उक्त औषधिको खरिद लागत मूल्य यकीन नभए पनि तीन करोड रूपैयाँ हाराहारीमा रहेको अनुमान छ । अब ती औषधि नष्ट गर्न करिब २० लाख रूपैयाँ बजेट आवश्यक पर्ने जनस्वास्थ्य अधिकृत आचार्यको भनाइ छ । कार्यालयको स्टोर साँघरो र अव्यवस्थित छ । सोही स्थानमा म्याद गुज्रिएका औषधि गोदाम गर्दा सेवा प्रवाह चित्तबुझ्दो नदेखिएको उपभोक्ता हित संरक्षण मञ्च नुवाकोटका अध्यक्ष इन्द्रबहादुर पण्डितको भनाइ छ । *रासस*

# तटीय क्षेत्रका नागरिकलाई नदी तर्न डुंगाकै भर

**राँझा (बाँके)–** होलिया र गंगापुरलाई जोड्न राप्ती नदीमा पुल नहुँदा तटीय क्षेत्रका नागरिकले डुंगा चढ्नुपर्ने बाध्यता छ । बाँकेको पूर्वी क्षेत्र सिधनियाघाटमा पुल बनेको डेढ दशकभन्दा धेरै भइसके पनि नदी तटीय क्षेत्रका धेरै गाउँका बासिन्दा अहिले पनि डुंगाकै भरमा नदी तर्ने गर्दछन् । राप्तीपारिका आधा दर्जन गाउँका सर्वसाधारण अहिले पनि दैनिक डुंगामा जोखिमपूर्ण यात्रा गर्न बाध्य रहेको नरैनापुर गाउँपालिका–६ गंगापुरका स्थानीय सोहनलाल यादवले बताए ।



उनका अनुसार, राप्ती सोनारीको खल्ला झगडिया, नरैनापुरको कुडुवा, पिप्रहवालगायतका गाउँका बासिन्दा आफ्ना खेतबारी, आफन्त, हाटबजार गर्न डुंगा चढेर नदीपारि जाने गर्दछन् । खल्ला झगडिया गाउँभन्दा अलिकति अगाडि डुंगा सधैं तयारी अवस्थामा रहन्छ । 'नदी तर्न पक्की पुल सिधनियाघाट पुग्न धेरै टाढा पर्छ, यता झोलुंगे पुल छैन, त्यसैले डुंगा चढ्नुको विकल्प छैन,' राप्ती सोनारी–७ खल्लाझगडिया नयाँबस्तीका स्थानीय शंकर यादवले भने, 'हिउँद वर्षात् जहिले पनि डुंगाबाट राप्ती नदी वारपार गर्ने गरेका छौं ।'

डुंगामा नदी तारेको प्रतिव्यक्ति १० रूपैयाँ तिर्नुपर्छ । गाईभैंसीलाई बोकेबापत २० रूपैयाँ, साइकलको १५ र मोटरसाइकलको ६० रूपैयाँ लिने गरेको डुंगाचालक नानबाबु पासीले बताए । डुंगामा एकैपटक ५० देखि ६० जना मान्छे र मालसमान नदी वारपार गराउने गरेको पासी बताउँछन् ।

हरेक शुक्रबार सीमावर्ती भारतीय गाउँ जानकीमा लाग्ने हाटबजारमा नेपाली गाउँका सयौं नागरिक किनमेलका लागि पुग्ने गर्छन् । हाटबजारमा राप्तीवारि डुडुवा गाउँपालिका होलिया, बेतहनी र राप्तीपारि राप्ती सोनारी गाउँपालिकाको फत्तेपुर र नरैनापुर गाउँपालिकाको गंगापुर र मटेहियाका दर्जनौं नागरिक डुंगा तरेर जाने गर्दछन् ।

भारतीय हाटबजारमा तरकारीलगायत उपभोग्यवस्तु सस्तो पाइने भएकाले अधिकांश किनमेल गर्न त्यतै जाने गरेका डुंगाचालक पासीले बताए । डुडुवा गाउँपालिका–१ होलियाका कुडुवा, कृषि चौफेरी, वर्डर चौफेरी छिटइपुर्वा, टेपरी प्रिपहवा खडैचा कन्दइपुर्वा सन्तलीया नयाँबस्तीका सयौं बासिन्दाको डुंगा चढेर राप्ती नदी वारपार गर्नु दिनचर्या भएको स्थानीय झगरु लोनियाले बताए ।

राप्ती तटीय क्षेत्रका नागरिक राप्तीको डुबान तथा कटान नियन्त्रण र जोखिम मोलेर डुंगामा सवार हुनुपर्ने समस्या अन्त्यका लागि मटेहिया र होलिया जोड्ने पक्की पुल निर्माणका लागि पहल भइरहेको सांसद सूर्य ढकालले जानकारी दिए । *रासस*

## भूलसुधार

मिति २०८१।०४।१५ गते प्रभाव दैनिकको दोस्रो पृष्ठमा प्रकाशित **नागरिक बहुउद्देश्यीय सहकारी संस्था लि. को नाममा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने १५ दिने अत्यन्त जरुरी सूचनामा लिलाम शर्तहरुको तेस्रो बुधामा डाँक बढाबढ मिति** २०८१/०४/२९ हुनपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०४।१८ गते भक्तपुर, लोकन्थलीमा अन्दाजी साँझको ८:२० बजेको समयमा कालो, रातो रङ्को 220 CC पल्सर मोटरसाइकल पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास अटो क्राफ्ट**
**ऋणीको नाम : रमेश कुमार कटुवाल**
**बाइक नं.: बा.प्र. ०२० प ०९०७**
**च्यासिस नं.: MD2A13EX7RCA 80401**
**इन्जिन नं. : DKXCRA 15151**
**ठेगानाः गौरीगंगा न.पा -०१, कैलाली**
**सम्पर्कः ९७०४५१२६३३**



## सार्वजनिक सूचना

**प्यूठान नगरपालिका भित्रका विभिन्न शहरी सडकहरु स्तरोन्नति कार्यको संक्षिप्त वातावरणीय अध्ययनको प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना ।**

लुम्बिनी प्रदेश, प्यूठान जिल्ला

*सूचना प्रकाशित मिति २०८१-०४-२३ गते*

लुम्बिनी प्रदेश प्युठान जिल्ला, प्युठान नगरपालिका भित्रका शहरी सडकहरु

१. हेल्थ पोस्ट देखि प्रतिक्षालय रोड
२. पुल देखि भरत फर्निचर रोड
३. बसपार्क शाखा रोड
४. आयुस्मा होटेल देखि दुर्गानन्द ठाकुर घरको बाटो
५. जालपादेवी टोल रोड
६. भौका देखि झुलुङ्गे पुल रोड
७. सुश्री मेडिकल देखि बसपार्क रोड
८. पुण्य खोला भट्ट चोक देखि हेल्थ पोस्ट रोड
९. बाग्दुला बजार देखि थापा टोल रोड
१०. बिजुवर रोड
११. टारी गाउँ रोड

आयोजनाको लागि निम्न बमोजिम प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | शहरी विकास तथा भवन निर्माण विभाग सघन शहरी तथा भवन निर्माण आयोजना घोराही, दाङ |
| प्रस्तावकको व्यहोरा | प्युठान नगरपालिका अन्तर्गत वडा नं. ३, ४ र ८ मा पर्ने विभिन्न स-साना सडक आयोजनाहरुको संक्षीप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी |
| प्रस्तावक प्रभाब पर्न सक्ने क्षेत्र | प्युठान नगरपालिका वडा नं. ४ |

माथि उल्लेखित प्रस्तावकको संक्षीप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली सांस्कृतिक प्रणालीबीच के कस्तो प्रभाब पर्छ भनि यकिन गर्न आयोजना क्षेत्रसँग सम्बन्धित प्युठान नगरपालिका तथा बिद्यालय, अस्पताल, स्वास्थ्य चौकी आदि सरोकारवाला व्यक्ति वा संस्थाहरुको लिखित राय सुझाव लिन आवश्यक भएकोले सो सार्वजनिक सूचना प्रकाशन भएको १५ दिन भित्र सम्बन्धित निम्न ठेगाना भित्र आइपुग्ने गरि राय सुझाव उपलब्ध गरिदिनुहुन अनुरोध छ ।

| | |
|---|---|
| लिखित राय सल्लाह सुझाव तथा पत्राचारको लागि नाम र ठेगाना | **शहरी विकास तथा भवन निर्माण विभाग सघन तथा भवन निर्माण आयोजना, घोराही, दाङ** |



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SHAAR AL SHARQ GENERAL CONTRACTING EST.**
पूर्व स्वीकृति मिति : २०८१/04/२१ | LT. No. 308464 | चलानी नं. ६०२२३१२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 20 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **AL-JOUD ADVANCED INVESTMENT COMPANY, ONE PERSON**
पूर्व स्वीकृति मिति : २०८१/04/२१ | LT. No. 308465 | चलानी नं. ६०२२३१२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping Cleaner | 9 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1638/080/81
**TESLA OVERSEAS PVT.LTD.**
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NEW GURANS HOSPITALITY AND SERVICES**
पुर्व स्वीकृति मिति २०८१/04/२२ | LT. No. 308485 | चलानी नं ६०२२२३४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 2000 | ७३,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen. Clen. Worker | 0 | 4 | 1300 | ४७,९४० | | | | | | | |
| 3 | Labourer | 1 | 0 | 1300 | ४७,९४० | | | | | | | |
| 4 | Supervisor | 1 | 2 | 2500 | ९२,१९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1331/074/75
**KALIKA HUMAN RESOURCE PVT LTD**
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803 ,4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TOP SPEED PLASTER & PAINTS CONT.**
पुर्व स्वीकृति मिति २०८१/04/२१ | LT No.308417 | चलानी नं. ६०२२३११५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Elevator Technician | 3 | 0 | 1500 | ५४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ordinary Labour | 17 | 0 | 800 | २९,२४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Permission No. 1676/080/081
**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866



## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CHICKET WLL**
पूर्व स्वीकृति मितिः २०८१/04/२२ | LT. No. 308434 | चलानी न.६०२२३१३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 25 | 0 | 100 | ३५,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 25 | 0 | 100 | ३५,६२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1336/074/075
**Sulav Recruitment Pvt.Ltd.**
Maharajgunj, sankhapark, Kathmandu Nepal,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TZAMEER TECHNICAL SERVICES CO. LLC**
पुर्व स्वीकृति मिति २०८१/०२/04 | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२२ | LT. No. 304993 | चलानी नं. ६०२१९७५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 1 | 0 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 7 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 3 | Gypsum Carpenters | 5 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 4 | Painter | 3 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 5 | Plumber | 7 | 0 | 1200 | ४३,३३० | | | | | | | |
| 6 | Receptionist | 0 | 1 | 1500 | ५४,१६० | | | | | | | |

कम्पनी : **SABAH AL MAHAL TECHNICAL SERVICES LLC**
पुर्व स्वीकृति मिति २०८१/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/२२ | LT. No. 305466 | चलानी नं. ६०२२०२००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 6 | 0 | 1200 | ४३,३३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ३० गते (14th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ४९७/०६१/०६२
**Shuvam Overseas Employment Pvt. Ltd.**
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043, Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

# प्रभाव दैनिक

बुधबार, २३ साउन २०८१ (Wednesday, August 07, 2024)


रूपशाला

## 'द भाइब्ज' ब्यान्डको गीतमा एआई भिडियो

नेपाली म्युजिक भिडियोमा पनि एआई (आर्टिफिसियल इन्टिलिजेन्ट) प्रयोग गर्न थालिएको छ। नेप्लिज अमेरिकन पप रक ब्यान्ड द भाइब्ज ब्यान्डले आफ्नो गीत 'थाकिसकेँ' माथि एआईद्वारा निर्मित म्युजिक भिडियो बनाएको हो। एआईलाई दिइएको निर्देशनमा आधारित सो भिडियोमा एआई युवायुवतीको प्रेम र विछोडको दृश्यलाई मनमोहक ढङ्गले देखाइएको छ। एआई भिडियोमा इनडोर र आउटडोर तथा कफी सपदेखि गाउँ-सहरका विभिन्न रमणीय दृश्यमा ड्राइभिङ, मठ-मन्दिर, आगोका साथै बेहुली बनेको रोचक दृश्य निर्माण गरिएको छ।



# प्रेरणादायक गीत 'लाखौं जुटे समृद्धि' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रेरणादायक गीत 'लाखौं जुटे समृद्धि' गरिएको छ। काठमाडौंस्थित हिल्टन होटेलमा आयोजित एक कार्यक्रमका बिच गीत सार्वजनिक गरिएको हो।

राइटपाथ करियर काउन्सिलिङले सार्वजनिक गरेको गीतले नेपाली जनताले मिलेर काम गर्दा नेपालको समृद्धि सम्भव छ भन्ने सकारात्मक सन्देश प्रवाह गरेको छ। भिडियोमा विभिन्न प्राकृतिक विपत्तिहरूको प्रभाव र यसबाट प्रभावित जनताको दुःखलाई उजागर गर्दै सामूहिक प्रयासले यी चुनौतीहरूलाई पार गरी समृद्धिको नयाँ युग सुरु गर्न सकिने सन्देश दिइएको छ।

नाजिर हुसेन र केकी अधिकारीको अभिनय रहेको भिडियोमा युवाहरूलाई विदेशमा अवसरहरूको खोजी गर्नु सकारात्मक भए तापनि, आफ्नो देशको विकासमा योगदान दिन फर्किनु आवश्यक रहेको सन्देश दिन्छ। गीतले नेपाली युवाहरूलाई आफ्नो सीप र क्षमता फिर्ता ल्याई समृद्ध राष्ट्र निर्माण गर्न प्रोत्साहित गरेको छ।

सगोत्री आचार्यको शब्द तथा सत्यराज र स्वरूपराज आचार्यको स्वर रहेको गीतको भिडियो फिलिप डिसी र सिआर बस्नेतले निर्माण गरेका हुन् भने निर्देशन निकेश खड्काले गरेका छन्। समारोहमा राइटपाथ करियर काउन्सिलिङले पूर्व मिस नेपाल अस्मी श्रेष्ठलाई आगामी एक वर्षका लागि सद्भावना दूतको रूपमा नियुक्त गरेको छ। यस अवसरमा दुई आधिकारिक टेलिभिजन विज्ञापनहरू पनि अनावरण गरियो।

राइटपाथ करियर काउन्सिलिङका सिइओ फिलिप डिसीले यस परियोजनालाई सफलतापूर्वक अघि बढाउन पाउँदा आफू अत्यन्त उत्साहित भएको बताए।

गीतले हालैका प्राकृतिक विपत्तिबाट पुनः उत्थान भइरहेको र भविष्यमा विपत्ति रहित सुन्दर नेपालको सपना देख्ने सबै नेपालीलाई एकताबद्ध भएर साझा लक्ष्यतर्फ अघि बढ्न प्रेरित गरेको छ।

# चलचित्र क्षेत्रको हितमा काम गर्छु : मन्त्री श्रेष्ठ

■ प्रभाव संवाददाता

**काठमाडौं–** बागमती प्रदेशका नव नियुक्त मन्त्री मधुकुमार श्रेष्ठलाई सम्मान गरिएको छ। अभिनेता तथा निर्माता समेत रहेका श्रेष्ठ फिल्म क्षेत्रबाट मन्त्री हुन सफल भएको भन्दै नेपाल फिल्म सोसाइटीले एक कार्यक्रम गर्दै उनलाई सम्मान गर्दै सफल कार्यकालको शुभ-कामना दिएको हो।

चलचित्र संघ विशाल नगरमा आयोजित कार्यक्रममा उनलाई सोसाइटीका अध्यक्ष कृष्ण मल्लले खादा, मालाबाट सम्मान गरेका थिए।

कार्यक्रममा मन्त्री श्रेष्ठले चलचित्र क्षेत्रको प्रगतिका लागि विगत झैं सक्रिय भएर क्रियाशील रहने बताए।



त्यस्तै, फिल्म सोसाइटीका अध्यक्ष अभिनेता कृष्ण मल्लले चलचित्रकर्मी राष्ट्र निर्माणमा पनि सक्षम छन् भनेर मन्त्री श्रेष्ठले देखाएको बताए। मल्लले अन्य मन्त्रीहरू भन्दा अब्बल काम गरेर देखाउन श्रेष्ठलाई सुझाव दिए।

चलचित्र प्राविधिक संघका अध्यक्ष पुष्कर लामा, चलचित्र संघका वरिष्ठ उपाध्यक्ष गोपाल काजी कायस्थ, कलाकार रमेश उप्रेती, कृष्ण ढुङ्गानालगायतको सहभागिता थियो।

# दुई महिने टुरका लागि अमेरिका उडे शान्तिश्रीसहितको टोली

**काठमाडौं (प्रस)–** दुई महिना लामो 'अब नाच्छ अमेरिका' टुरका लागि गायिकात्रय शान्तिश्री परियार, रचना रिमाल र ज्योति मगर अमेरिका उडेका छन्। उनीहरूको साथमा मोडल करिश्मा ढकाल पनि छिन्। सोमबार बेलुका त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थलबाट उनीहरू अमेरिकातर्फ प्रस्थान गरे। उड्नुअघि सामाजिक सञ्जालबाट उनीहरूले यसबारे जानकारी दिएका छन्। यी सबैको यो पहिलो अमेरिका भ्रमण हो।

हरितालिका तीजको अवसरमा अमेरिकाको १९ सहरमा उक्त कार्यक्रम हुँदैछ। फ्लाइ नेपालले अमेरिकाका विभिन्न सहरमा कार्यक्रम आयोजना गर्न लागेको हो।

अगस्ट १० मा पूर्वी सहर बोस्टनदेखि सुरु हुने उनीहरूको यो अभियान सेप्टेम्बर २९ मा क्यालिफोर्नियाको लस एन्जलसमा गएर टुंगिनेछ। 'हजुरहरूको अपार माया र आशीर्वादको कृपाले करिब ५५ दिनको अमेरिका सांगीतिक यात्राका लागि आज अमेरिका जाँदैछु,' उड्नुअघि रचनाले फेसबुकमा लेखेकी छन्, 'केही वर्षअघिसम्म पारिवारिक अवस्थाले गर्दा उच्च शिक्षापश्चात् वैदेशिक रोजगारीको लागि कुनै न कुनै देश जानुपर्छ भनेर योजना बनाएकी म अहिले हजुरहरूकै कारणले आफ्नो १५ औं अन्तर्राष्ट्रिय सांगीतिक यात्राको क्रममा छु।'

नेपाली समुदायको बाक्लो उपस्थिति रहेका बोस्टन, न्युयोर्क, मेरिल्याण्ड, भर्जिनिया, कोलम्बस, मिसिगन, टेक्सस, सिकागो, सान फ्रान्सिस्को र लस एन्जलस लगायतका राज्य र सहरमा कार्यक्रम तय गरिएको छ।

## रंगशाला

काभा वुमन्स नेसन्स भलिबल

# उपाधिका लागि नेपाल र भारत भिड्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** काभा महिला भलिबलको उपाधिका लागि आज नेपाल र भारत भिड्दैछन्। मंगलबार सम्पन्न सेमिफाइनलको खेलमा नेपालले इरान र भारतले श्रीलंकालाई ३-० को सोझोसेटमा पराजित गर्दै उपाधिका लागि फाइनल प्रवेश गरेका हुन्।

यसअघि लिगचरणको खेलमा नेपालले दक्षिण एशियाली जायन्ट भारतलाई ५ सेटको खेलमा ३-२ ले पराजित गरेको थियो। लिगचरणको उक्त खेलको जित नेपालका लागि ऐतिहासिक जित थियो।

नेपाल सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) महिला नेशन्स लिग भलिबलको फाइनलमा प्रवेश गरेको छ। मंगलबार दोस्रो सेमिफाइनलमा इरानलाई ३-० को सोझो सेटमा पराजित गर्दै नेपालले फाइनलमा भारतसँगको भेट पक्का गरेको हो।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा समूह चरणको हारको बदला लिँदै नेपालले इरानविरुद्ध शानदार जित दर्ता गर्‍यो।




निकै प्रतिस्पर्धात्मक खेलको पहिलो सेट नेपालले इरानलाई २५-२१ ले पराजित गर्‍यो। इरानसँग १-५ ले पछि परेको अवस्थाबाट लगातार पाँच अंक जोडदै नेपालले अग्रता लिएको थियो। खेलको दोस्रो सेट भने निकै प्रतिस्पर्धात्मक रह्यो। एक समय १५-९ को अग्रता बनाएको नेपाल अन्त्यतिर २१-२४ ले पछि परेको थियो। त्यसपछि नेपालले लगातार तीन अंक जोड्दै खेललाई बराबरीमा ल्यायो र अन्ततः नेपालले इरानमाथि २८-२६ को जित निकाल्यो।

खेलको तेस्रो सेट भने नेपालले २५-२० ले आफ्नो पक्षमा पार्न सफल भयो। प्रतियोगितमा नेपाल अंक तालिकाको दोस्रो र इरान तेस्रो स्थानमा रहँदै सेमिफाइनल प्रवेश गरेका थिए।

यसअघि भएको लिग चरणको दोस्रो खेलमा इरानले नेपाललाई ३-२ को सेटमा पराजित गरेको थियो। सोही हारको बदला लिँदै नेपालले प्रतियोगिताको फाइनमा भारतसँगको भेट पक्का गर्न सफल भयो।

लिग चरणको खेलमा नेपालले श्रीलंका र माल्दिभ्सलाई समान ३-० को सेट र भारतलाई ३-२ को सेटमा पराजित गरेको थियो। लिग चरणमा भारतसँग ३-१ को सेटमा पराजय बेहोरेको भने इरानले श्रीलंकालाई ३-२ तथा माल्दिभ्सलाई ३-० को सेटमा पराजित गरेको थियो।

जितपछि नेपाली टोलीका मुख्य प्रशिक्षक जगदिश भट्टले अघिल्ला खेलमा भएका कमी कमजोरीलाई सुधार गर्दै इरानलाई पराजित गर्न सफल भएको बताए।

बुधबार हुने फाइनलमा नेपाल भारतविरुद्ध लिगचरणमा निकालेको जितलाई निरन्तरता दिने उद्देश्यका साथ उत्रनेछ। नेपाली टोलीका मुख्य प्रशिक्षक भट्टले भारतविरुद्ध यसअघिको जितलाई निरन्तरता दिनेमा विश्वास व्यक्त गरे। उनले भने, 'इरानविरुद्धको खेलमा तीन सेटमा खेलेकाले फाइनलमा पनि तीनै सेटमा भारतलाई पराजित गर्दै उपाधि जित्ने लक्ष्य लिएका छौँ।'मंगलबार नै भएको पहिलो सेमिफाइनलमा भारतले श्रीलंकालाई ३-० को सेटमा पराजित गर्दै प्रतियोगिताको फाइनलमा स्थान बनाएको थियो।

इरानलाई हराउँदै फाइनल प्रवेश गरेसँगै नेपाली टिमका कप्तान अरुणा शाहीले फाइनलमा भारतविरुद्ध अहिलेसम्मकै उत्कृष्ट खेल खेल्ने बताइन्।

उनले इरानविरुद्धको जितमा उनीहरूको बलियो पक्ष रोक्न सफल भएको बताइन्। उलने फाइनलमा अझै सुधार गर्दै उपाधि हात पार्ने जनाइन्।

# नेपाली क्रिकेट टोलीको तयारी भारतमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय क्रिकेट टोलीले सन् २०२७ को एकदिवसीय विश्वकप क्रिकेटको छनोट रोडम्यापका रूपमा लिइएको लिग-२ अन्तर्गत आगामी सेप्टेम्बरमा हुने त्रिकोणात्मक शृंखलाको तयारी भारतमा गर्ने भएको छ।

नेपालले क्यानडासँगै र ओमानबीच शृंखला खेल्न लागेको हो। लिग-२ यो दोस्रो शृंखला हो। नेपाल क्रिकेट संघ (क्यान)का प्रवक्ता छुम्बी लामाका अनुसार टोलीले भारतमा कहाँ प्रशिक्षण गर्ने भन्ने अझैं टुंगो लागेको छैन। 'हामीले भारतमा प्रशिक्षण गर्ने पक्का भइसकेको छ। तर, कहाँ गर्ने भन्नेबारे छलफलमै छौं। एक हप्ताभित्र टुंगो लगाउनेछौं,' उनले भने।

यसअघि नेपालले एसिसी मेन्स प्रिमियर कपको तयारी गुजरातको वापीमा गरेको थियो। त्यतिखेर गुजरात क्रिकेट एसोसिएसन र बरोडा क्रिकेट एसोसिएसनसँग नेपालले एसएमएस फ्रेन्डसिप कप ट्वान्टी-२० प्रतियोगिता पनि खेलेको थियो।

सोमबारदेखि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टोलीले फिटनेस प्रशिक्षण सुरु गरेको छ। टोलीले एक हप्ता नेपालमै फिटनेस प्रशिक्षण गर्नेछ। त्यसपछि भने टोली भारत प्रस्थान गर्नेछ।

# मुर्ताजले नेपाली ओलम्पियाड टिमलाई प्रशिक्षण दिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** ४५ औं चेस ओलम्पियाड २०२४ को तयारीमा नेपाली टिमलाई प्रशिक्षण दिनका निम्ति ग्रान्डमास्टर (जीएम) मुर्ताज कागालेयेभ मंगलबार काठमाडौं आइपुगेका छन्।

उनी कजाखस्तान चेस महासंघको कार्यक्रम 'प्रोजेक्ट फ्रिडम एसियन चेस इनिसिएटिभ' अन्तर्गत् नेपाली टिमलाई प्रशिक्षण दिन आएका हुन्। उनले यहाँ १५ दिन प्रशिक्षण दिनेछन्। त्यसपछि थप १५ दिन अनलाइन प्रशिक्षण पनि सम्हाल्नेछन्। फिडे रेटिङ २४८१ म रहेका मुर्ताज उच्च रेटिङ २६५३ (नोभेम्बर २००९) सम्म पुगेका थिए।

'नेपाली टिमले पहिलोपल्ट जीएम स्तरका प्रशिक्षकसँग तालिम गर्ने अवसर पाएको छ,' नेपाल बुद्धिचाल महासंघका वरिष्ठ उपाध्यक्ष दिपेन राईले भने, 'महासंघका उपमहासचिव (मोनालिशा खम्बू) को पहलमा मुर्ताजलाई नेपाल ल्यायउन सफल भएका छौं। उनको प्रशिक्षणमा नेपाली खेलाडीले ओलम्पियाडमा राम्रो प्रदर्शन गर्ने आशा गरेका छौं।'

उपमहासचिव खम्बूका अनुसार मुर्ताज १५ औं एसियाली खेलकुद (सन् २००६ दोहा) मा र्‍यापिडतर्फका स्वर्णपदक विजेता हुन्। एसियन इन्डोर गेम्स २००७ मा दुई रजत (क्लासिकल र र्‍यापिड) जितेका मुर्ताज दुईपल्टका पेरिस सिटी चेस च्याम्पियन पनि हुन्। उनले चेस ओलम्पियाड ६ पल्ट खेलेका छन्। सेप्टेम्बर १० देखि २३ सम्म हंगेरीको बुडापेस्टमा हुने ४५ औं ओलम्पियाडमा नेपालका पुरुष र महिला टिमले प्रतिस्पर्धा गर्दैछन्। अस्ट्रेलियामा रहेका विवेक थिङसहित क्षितीज भण्डारी, रूपेश जैयसवाल, राजन सुवेदी र सुश्रुत दाहाल पुरुष टिममा छन्। महिला टिममा सिन्दिरा जोशी, कृतिसरा अधिकारी, पूजा भण्डारी, शान्ति धिमाल र रिया श्रेष्ठ रहेका छन्।

# बंगलादेशका राष्ट्रपतिले गरे संसद् विघटन

**ढाका–** बंगलादेशका राष्ट्रपति मोहम्मद साहाबुद्दिनले विद्यार्थी आन्दोलनको प्रमुख मागलाई सम्बोधन गर्दै मंगलबार संसद् विगठन गरेका छन्। 'राष्ट्रपतिले संसद् विघटन गर्नुभएको छ,' राष्ट्रपति मोहम्मद साहाबुद्दिनका प्रेस सचिव सिप्लु जमानले बताए।

बंगलादेशमा सरकारी जागिरमा आरक्षण (कोटा) प्रणालीको विरोध गर्दै विद्यार्थी समूहले सुरू गरेको आन्दोलनले सफलताको उत्कर्ष पार गर्दै प्रधानमन्त्री शेख हसिनालाई राजीनामा दिन बाध्य बनाएको छ। प्रधानमन्त्री हसिना सोमबार राजीनामा दिँदै देश छाडेर भारतमा पुगेकी छन्।

बंगलादेशमा आएको राजनीतिक परिवर्तनपछि सोमबार राति नै राष्ट्रपति मोहम्मद साहाबुद्दिनले सेना प्रमुख वाकर-उज-जमानलाई अन्तरिम सरकार गठन गर्न स्वीकृति प्रदान गरेका छन्।

## युनुसलाई अन्तरिम सरकारको नेतृत्व गर्न आह्वान

विद्यार्थी आन्दोलनका नेताहरूले बंगलादेशको वर्तमान राजनीतिक अवस्थालाई सम्बोधन गर्न नोबेल पुरस्कार विजेता डा. मुहम्मद युनुसलाई अन्तरिम सरकारको नेतृत्व गर्न प्रस्ताव गरेको ढाका ट्रिब्युनले जनाएको छ। ख प्रमुख विद्यार्थी नेता नाहिद इस्लाम, आसिफ महमुद र अबु बकर मजुमदारले मंगलबार भिडियो सन्देशमार्फत यस्तो घोषणा गरेका हुन्। ट्रिब्युनका अनुसार विद्यार्थी नेता नाहिदले सोमबार राति २४ घण्टाभित्र अन्तरिम सरकारको रूपरेखा तयार गरिने घोषणा गरेका थिए।

यसैबीच, बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का महासचिव मिर्जा फक्रुल इस्लाम आलमगीरले आफ्नो पार्टीका कार्यवाहक अध्यक्ष तारिक रहमान चाँडै नै देश फर्कने घोषणा गरेका छन्। महासचिव मिर्जा फक्रुलले हसिना सरकारले नेता तारिक रहमानलाई झूठो मुद्दामा अन्यायपूर्ण रूपमा निर्वासित गरिएको जनाउँदै उनले आन्दोलनलाई समर्थन गरेको र तुरुन्तै स्वदेश फिर्ता हुने आशा व्यक्त गरे। मिर्जा फक्रुलले आफ्ना पार्टी नेता बेगम खालिदा जियालाई समेत तुरुन्तै रिहा गर्ने निर्णय गरिएको उल्लेख गर्दै राजनीतिक कारणले जेलमा परेका अन्य व्यक्तिलाई पनि रिहा गर्ने जनाए।

## नजिकबाट नियाल्दै राष्ट्रसंघका महासचिव

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बंगलादेशको घटनाक्रमलाई नजिकबाट नियालिरहेको जनाउँदै विरोध प्रदर्शनमा ज्यान गुमाउनेहरूप्रति शोक व्यक्त गरेका छन्। महासचिव गुटेरेसले घटनामा संलग्न सबै पक्षलाई शान्ति र संयमता अपनाउन आग्रह गर्दै शान्तिपूर्ण, व्यवस्थित र लोकतान्त्रिक महत्त्वमा जोड दिए।

उनले प्रधानमन्त्री हसिनाको राजीनामासम्बन्धी सेना प्रमुखको घोषणा र अन्तरिम सरकार गठन गर्ने योजनासहित देशका घटनाक्रमलाई नजिकबाट निगरानी गरिरहेको उनको कार्यालयबाट जारी विज्ञप्तिमा उल्लेख गरिएको छ। महासचिव गुटेरेसका प्रवक्ताले विज्ञप्ति जारी गर्दै बंगलादेशका जनताको पक्षमा रही उनीहरूको मानवअधिकारको संरक्षणका लागि आह्वान गरेका छन्। उनले विज्ञप्तिमार्फत बंगलादेशमा भएका हिंसाजन्य क्रियाकलापको स्वतन्त्र, निष्पक्ष र पारदर्शी अनुसन्धानको आवश्यकतालाई जोड दिएका छन्।

*रासस/एएफपी/एएनआई*


# सूचना ! सूचना !! सूचना !!!

यस **एस् आर ड्रग्स ल्याबोरोटोरीज प्रा. लि.** बाट उत्पादित निम्नानुसारका औषधीहरूको आ ब २०८१/८२ को लागि बजार दररेट तथा बिक्रि मुल्य निर्धारण गरि यो दररेट राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। यदि यी औषधीहरु कुनै संध संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा यस कम्पनीको आधिकारिक बिक्रेता श्री सुबिसु मेडिसिन सपलायर्स. बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सुचना प्रकाशित गरिएको छ।

**email: subash.subisu331@gmail.com , Ph : 9865897244, S.R. DRUG LAB Pvt Ltd PRODUCT & RATE LIST 2081/82**

| S.N | BRAND NAME | GENERIC NAME | UNIT | PACK | MRP/ TAB/ CAP/PH | MRP (PACK) |
|---|---|---|---|---|---|---|
| 1 | ACEPRIL 10 TAB (10X10) | Enalapril Maleate 10mg | 1 | 10x10 | 7 | 700 |
| 2 | ACEPRIL 2.5 TAB (10X10) | Enalapril Maleate 2.5mg | 1 | 10x10 | 2.3 | 230 |
| 3 | ACEPRIL 5 TAB (10X10) | Enalapril Maleate 5mg | 1 | 10x10 | 4 | 400 |
| 4 | ACIV 200 TAB (10X5) | Acyclovir USP 200mg | 1 | 5 X10 | 11 | 550 |
| 5 | ACIV 800 TAB (10X5) | Acyclovir USP 800mg | 1 | 5 X10 | 30 | 1500 |
| 6 | ACIV CREAM 5GM | Acyclovir BP 5% w/w in Cream base | 1 | 5 gm | 70 | 70 |
| 7 | ALASTINE-20 TAB (10X20) | Ebastine 20mg | 1 | 10x20 | 14 | 2800 |
| 8 | ALIN 10 TAB (10X5X4) | Amitriptyline HCL IP 10mg | 1 | 10x5x4 | 2.4 | 480 |
| 9 | ALIN 25 TAB (10X5X4) | Amitriptyline HCL IP 25mg | 1 | 10x5x4 | 3.8 | 760 |
| 10 | AM-CLAV 375 TAB(10X10) | CO-AMOXYCLAV 375 mg TAB | 1 | 10X10 | 30 | 3000 |
| 11 | AM-CLAV 625 TAB(10X10) | CO-AMOXYCLAV 625 mg TAB | 1 | 10X10 | 40 | 4000 |
| 12 | AM-CLAV DRY SYRUP 30ML | CO-AMOXYCLAV 228.5/5ML(BD) D/S | 1 | 30ml | 110 | 110 |
| 13 | AM-CLAV DRY SYRUP 60ML | CO-Amoxyclav 228.5/5ml (BD) D/S | 1 | 60ml | 175 | 175 |
| 14 | ANGILOK 10 TAB (10X10) | Amlodipine Besylate 10mg | 1 | 10x10 | 8 | 800 |
| 15 | ANGILOK 2.5 TAB (10X10) | Amlodipine Besylate 2.5mg | 1 | 10x10 | 2.3 | 230 |
| 16 | ANGILOK 5 TAB (10X5x4) | Amlodipine Besilate 5mg | 1 | 10x5x4 | 5 | 1000 |
| 17 | ANGILOK-AT TAB (10X10) | Amlodipine Besylate 5 mg Atenolol 50 mg | 1 | 10 x 10 | 7 | 700 |
| 18 | ANXIPRAM 5MDT TAB (10X10) | Escitalopram Oxalate 5 mg Mouth Dissolving Tablets | 1 | 10x10 | 7 | 700 |
| 19 | ANXIPRAM 10MDT TAB (10X10) | Escitalopram Oxalate 10 mg Mouth Dissolving Tablets | 1 | 10 x 10 | 13 | 1300 |
| 20 | ARISOFT GEL 15GM | AdapaleneUSP 0.1% w/w Clindamycin phosphate IP eqv to Clindamycin 1% w/w | 1 | 15gm | 160 | 160 |
| 21 | ASPICARD 150 TAB (10X10) | Aspirin 150 mg | 1 | 10x10 | 2 | 200 |
| 22 | ASPICARD 75 TAB (10X25) | Aspirin 75 mg | 1 | 10x25 | 3 | 300 |
| 23 | ATOVAST 10 TAB (10X10) | Atorvastatin 10mg | 1 | 10x10 | 10.78 | 1078 |
| 24 | ATOVAST 20 TAB (10X10) | Atorvastatin 20mg | 1 | 10x10 | 20.6 | 2060 |
| 25 | AZIFAST 250 TAB (6X5) | Azithromycin 250mg | 1 | 6x5 | 17.25 | 523.5 |
| 26 | AZIFAST 500 TAB (20X5) | Azithromycin 500mg | 1 | 20 x 5 | 30 | 3000 |
| 27 | BETAMETH CREAM 20GM | Betamethasone Dipropionate USP 0.64 mg | 1 | 20gm | 75 | 75 |
| 28 | BETAMETH-G CREAM 20GM | Betamethasone Dipropionate USP 0.64 mg Gentamicin 1 mg/gm | 1 | 20gm | 100 | 100 |
| 29 | BICO-Z CAP (20X10) | B-Complex Capsule with Zinc | 1 | 10X20 | 5 | 1000 |
| 30 | BICO-Z DROPS 15ML | B-Complex drop | 1 | 15 ml | 50 | 50 |
| 31 | BICO-Z SYRUP 100ML | B-Complex Syrup with Zinc | 1 | 100ml | 80 | 80 |
| 32 | BICO-Z SYRUP 200ML | B-Complex Syrup with Zinc | 1 | 200ml | 130 | 130 |
| 33 | BRONCOSAL SYRUP 50ML | Salbutamol 2mg Bromohexine HCl 5mg | 1 | 50ml | 55 | 55 |
| 34 | BUFEMOL TAB (10X25) | Ibuprofen 400mg Paracetamol 325mg | 1 | 10X25 | 2 | 500 |
| 35 | C-CARE 500 CHEWABLE TAB (10X10) | Vitamin C Chewable Tablet | 1 | 10x10 | 6 | 600 |
| 36 | CIFLOQUIN 250 TAB (10X10) | Ciprofloxacin HCl 250mg | 1 | 10x10 | 5 | 500 |
| 37 | CIFLOQUIN 500 TAB (10X10) | Ciprofloxacin HCl 500mg | 1 | 10x10 | 8 | 800 |
| 38 | CLIN GEL 15GM | Clindamycin phosphate 1% w/w Methyl Paraben Sodium IP 0.1%w/w Propyl Paraben 0.05% w/w | 1 | 15 gm | 135 | 135 |
| 39 | CLOBETASOL CREAM 20GM | Clobetasol Dipropionate USP-0.05 % w/w | 1 | 20gm | 100 | 100 |
| 40 | CLOBETASOL CREAM 30GM | Clobetasol Dipropionate USP-0.05 % w/w | 1 | 30gm | 150 | 150 |
| 41 | CLOBETASOL-G CREAM 20GM | Clobetasol Propionate USP-0.05 % w/w Gentamycin Sulphate 0.1% w/w | 1 | 20gm | 110 | 110 |
| 42 | CLOBETASOL S OINTMENT 20GM | Clobetasol Propionate USP 0.05% w/w Salicylic Acid IP 3% w/w Ointment | 1 | 20gm | 145 | 145 |
| 43 | CLOMAZOLE CREAM 15GM | Clotrimazole 10 mg | 1 | 15 gm | 110 | 110 |
| 44 | CLOMAZOLE CREAM 25GM | Clotrimazole 10 mg | 1 | 25 gm | 150 | 150 |
| 45 | COLDAREST TAB (10X25) | Anticold (Paracetamol 500mg Chlorpheniramine Maleate 4mg Phenylephrine HCl 10mg) | 1 | 10x25 | 3 | 750 |
| 46 | CONAZOL 150 CAP (1X25) | Fluconazole 150mg | 1 | 1X25 | 24 | 600 |
| 47 | DELIKOF SYRUP 100ML | Phenylephrine HCL 5mg Dextromethorphan 15mg Chlorpheniramine Maleate 2 mg | 1 | 100 ml | 140 | 140 |
| 48 | DEPLOX 20 CAP (10X10) | Fluoxetine HCl BP 20mg | 1 | 10x10 | 5.5 | 550 |
| 49 | DERMETASONE CREAM 10GM | Mometasone Furoate USP 1mg / gm | 1 | 10 gm | 180 | 180 |
| 50 | DIAGLIZ 80 TAB (10X10) | Gliclazide 80mg | 1 | 10x10 | 4.5 | 450 |
| 51 | DICFEN GEL 30GM | Diclofenac Diethylamine 1% w/w | 1 | 30gm | 150 | 150 |
| 52 | DICFEN TAB (25X10) | Diclofenac Sodium 50mg | 1 | 10X25 | 3 | 750 |
| 53 | DOVSPAS 80 TAB (10X10) | Drotaverine 80 mg | 1 | 10x10 | 6 | 600 |
| 54 | D-SHOT 60K TAB (1x10x4's) | Cholecalciferol IP 60,000 IU | 1 | 1x10x4's | 50 | 2000 |
| 55 | ECOTIS 60MG TAB | Etoricoxib IP 60mg | 1 | 10x10 | 12 | 1200 |
| 56 | ECOTIS 90MG TAB | Etoricoxib IP 90mg | 1 | 10x10 | 14 | 1400 |
| 57 | ERADIF-L 10GM | Luliconazole IP 1% w/w | 1 | 10gm | 215 | 215 |
| 58 | ERADIF-L 30GM | Luliconazole IP 1% w/w | 1 | 30gm | 540 | 540 |
| 59 | ESPRAZ-40 CAP (10X10) | Esomeprazole 40 mg | 1 | 10X10 | 10 | 1000 |
| 60 | FENAC 100 TAB (10X25) | Aceclofenac BP 100 mg | 1 | 10X25 | 4.5 | 1125 |
| 61 | FEX 120 TAB (1x10X10) | Fexofenadine HCl 120mg | 1 | 10x10 | 12 | 1200 |
| 62 | FEX 180 TAB (1X10X10) | Fexofenadine HCl 180mg | 1 | 10x10 | 15 | 1500 |
| 63 | FEX SUSPENSION 60ML | Fexofenadine Hydrochloride 30mg | 1 | 60ml | 90 | 90 |
| 64 | FLAVOX TAB (10X10) | Flavoxate HCl 200mg | 1 | 10x10 | 16 | 1600 |
| 65 | FLOXAPEN 500 CAP | Flucloxacillin sodium BP eqv to Flucloxacillin 500mg | 1 | 10x10 | 24 | 2400 |
| 66 | FLOXAPEN DS 100ML | Flucloxacillin sodium BP eqv to Flucloxacillin 125mg/5ml | 1 | 100ml | 240 | 240 |
| 67 | FUSIBECT CREAM 10GM | Fusidic acid IP 2% w/w Potassium Sorbate (as preservate) 0.27% w/w Cream | 1 | 10gm | 125 | 125 |
| 68 | FUSIBECT-B CREAM 15GM | Fusidic Acid 20mg Betamethasone Dipropionate 1 mg BP eg. To Betamethasone | 1 | 15gm | 155 | 155 |
| 69 | FUSIBECT-H CREAM 15GM | Fusidic Acid 2% w/w Hydrocortisone Acetate 1% w/w | 1 | 15gm | 200 | 200 |
| 70 | GABIX 150 CAP (10X10) | Pregabalin 150 mg cap | 1 | 10x10 | 24 | 2400 |
| 71 | GABIX 75 CAP (10X10) | Pregabalin 75 mg cap | 1 | 10x10 | 15 | 1500 |
| 72 | GABIX-M 75 CAP (10x10) | Pregabalin IP 75mg Methylcobalamin IP 750mcg | 1 | 10X10 | 22 | 2200 |
| 73 | GABIX-M 150 CAP (10x10) | Pregabalin IP 150mg Methylcobalamin IP 750mcg | 1 | 10X10 | 40 | 4000 |
| 74 | GENMYCIN CREAM 10GM | Gentamicin Sulphate IP eqvt to Gentamicin 0.2% | 1 | 10gm | 50 | 50 |
| 75 | GERMIDINE OINTMENT 15GM | Povidone iodine IP 5 % w/w | 1 | 15gm | 95 | 95 |
| 76 | GERMIDINE SOLUTION (5%) 50ML | Povidone Iodine 5% w/v | 1 | 50ml | 75 | 75 |
| 77 | GERMIDINE SOLUTION 100ML | Povidone iodine IP 5 % w/v | 1 | 100 ml | 170 | 170 |
| 78 | GERMIDINE SOLUTION 450 ML | Povidone iodine IP 5 % w/v | 1 | 450 ml | 350 | 350 |
| 79 | GERMIDINE SOLUTION 500 ML | Povidone iodine IP 5 % w/v | 1 | 500 ml | 350 | 350 |
| 80 | GERMIDINE SOLUTION (7.5%) 50 ML | Povidone Iodine 7.5% w/v | 1 | 50ml | 86 | 86 |
| 81 | GERMIDINE SOLUTION (7.5%) 500 ML | Povidone Iodine 7.5% w/v | 1 | 500ml | 550 | 550 |
| 82 | GERMIDINE SOLUTION (10%) 50 ML | Povidone Iodine 10% w/v | 1 | 50ml | 95 | 95 |
| 83 | GERMIDINE SOLUTION (10%) 100 ML | Povidone Iodine 10% w/v | 1 | 100ml | 190 | 190 |
| 84 | GERMIDINE SOLUTION (10%) 500 ML | Povidone Iodine 10% w/v | 1 | 500ml | 860 | 860 |
| 85 | GLIMEP 1 TAB (10X10) | Glimepiride 1mg | 1 | 10x10 | 5.3 | 530 |
| 86 | GLIMEP 2 TAB (10X10) | Glimepiride 2mg | 1 | 10x10 | 8.6 | 860 |
| 87 | HEMATIN CAP (10X3x5) | Folic Acid 0.55mg + Iron(III) Polymaltose 100mg | 1 | 10x3x5 | 8 | 1200 |
| 88 | HYOMIDE 10 TAB (10X10) | Hyoscine Butyl Bromide 10mg | 1 | 10x10 | 15 | 1500 |
| 89 | HYOMIDE 20 TAB (10X10) | Hyoscine Butyl Bromide 20mg | 1 | 10x10 | 25 | 2500 |
| 90 | INDO 25 CAP (10X10) | Indomethacin 25 mg | 1 | 10x10 | 6 | 600 |
| 91 | INDO 50 CAP (10X10) | Indomethacin 50 mg | 1 | 10x10 | 8 | 800 |
| 92 | INDO SR CAP (10X10) | Indomethacin 75mg SR | 1 | 10x10 | 17 | 1700 |
| 93 | INSUGLIP-M 1000 (10X10) | Sitagliptin Phosphate 50 mg Metformin HCL 1000 mg Tablets | 1 | 10x10 | 28 | 2800 |
| 94 | INSUGLIP-M 500 (10X25) | | 1 | 10X25 | 26 | 6500 |
| 95 | INSUGLIP-M 850 (10X10) | Sitagliptin Phosphate 50 mg Metformin HCL 850 mg Tablets | 1 | 10X10 | 27 | 2700 |
| 96 | ITRASPOR 100 CAP (1X4X10) | Itraconazole pellets eq. to Itraconazole BP 100 mg | 1 | 1x4x10 | 45 | 1800 |
| 97 | ITRASPOR 200 CAP (10X10) | Itraconazole pellets eq. to Itraconazole BP 200 mg | 1 | 10X10 | 70 | 7000 |
| 98 | KETOZOLE CREAM 15GM | Ketoconazole IP 2% W/W | 1 | 15 gm | 125 | 125 |
| 99 | KIDKOF SYRUP 50ML | Dextromethorphan Hydrobromide 7.5 mg Pheniramine maleate 7.5mg Phenylephrine HCL 2.5 mg | 1 | 50ml | 90 | 90 |
| 100 | LOSATEC 25 TAB (10X10) | Losartan Potassium 25mg | 1 | 10x10 | 4.41 | 441 |
| 101 | LOSATEC 50 TAB (10X10) | Losartan Potassium 50mg | 1 | 10x10 | 7.6 | 760 |
| 102 | LOSATEC-H TAB (10X10) | Losartan Potassium 50mg Hydrochlorothiazide 12.5 mg tablet | 1 | 10x10 | 12 | 1200 |
| 103 | MACROMIN 250 TAB (6X5) | Clarithromycin 250mg | 1 | 6x5 | 30 | 900 |
| 104 | MACROMIN 500 TAB (10X10) | Clarithromycin 500mg | 1 | 10x10 | 50 | 5000 |
| 105 | MAXZIDE 12.5 TAB (10X20) | Hydrochlorothiazide 12.5 mg tablet | 1 | 10x20 | 2 | 400 |
| 106 | MAXZIDE 25 TAB(10X20) | Hydrochlorothiazide 25 mg tablet | 1 | 10x20 | 3.2 | 640 |
| 107 | MEGACEF 100 DT TAB(10X10) | Cefixime 100mg | 1 | 10X10 | 18 | 1800 |
| 108 | MEGACEF 200 DT TAB (10X10) | Cefixime 200mg | 1 | 10X10 | 20 | 2000 |
| 109 | MEGACEF 400 TAB (10X10) | Cefixime BP eqv. to anhydrate cefixime 400mg | 1 | 10X10 | 55 | 5500 |
| 110 | MEGACEF DRY SYRUP 30ML | Cefixime 100mg | 1 | 30ml | 64 | 64 |
| 111 | MEGACEF DRY SYRUP 60ML | Cefixime Trihydrate BP 50 mg/5 ml | 1 | 60 ml | 140 | 140 |
| 112 | MEGACEF D/S 60ML | Cefixime Trihydrate BP 100mg per 5 ml | 1 | 60 ml | 220 | 220 |
| 113 | META-H 1000SR TAB (10X10) | Metformin Hydrochloride 1000mg | 1 | 10x10 | 600 | 600 |
| 114 | META-H 500 TAB (10X25) | Metformin Hydrochloride 500mg | 1 | 10x25 | 2 | 500 |
| 115 | META-H 850 TAB (10X10) | Metformin Hydrochloride 850mg | 1 | 10x10 | 3.5 | 350 |
| 116 | M-KAST 10MDT (10X20) | Montelukast Sodium 10 mg MDT | 1 | 10 x 20 | 17 | 3600 |
| 117 | MKAST L TAB | Levocetirizine HCL IP 5mg Montelukast (as sodium) IP 10mg | 1 | 10x10 | 20 | 2000 |
| 118 | MUCOSAL SYRUP 100ML | Salbutamol 2 mg/5ml | 1 | 100 ml | 55 | 55 |
| 119 | MUPI OINTMNET 5GM | Mupirocin USP 2% w/w Ointment | 1 | 5gm | 145 | 145 |
| 120 | MUPI OINTMNET 10GM | Mupirocin USP 2% w/w Ointment | 1 | 10gm | 250 | 250 |
| 121 | MYMOX DRY SYRUP 90ML | Amoxycillin 125 mg | 1 | 90 ml | 125 | 125 |
| 122 | NEUROAGE 1500 TAB (10X10) | Methylcobalamine 1500mcg | 1 | 10X10 | 18 | 1800 |
| 123 | NILE TAB (25X10) | Nimesulide 100mg | 1 | 10X25 | 3 | 750 |
| 124 | OMOCID 20 CAP (20X10) | Omeprazole 20mg | 1 | 10X20 | 4 | 800 |
| 125 | OZENOX 5GM CREAM | Ozenoxacin IHS 1% w/w | 1 | 5gm | 195 | 195 |
| 126 | OZENOX 10GM CREAM | Ozenoxacin IHS 1% w/w | 1 | 10gm | 360 | 360 |
| 127 | OZENOX 20GM CREAM | Ozenoxacin IHS 1% w/w | 1 | 20gm | 550 | 550 |
| 128 | P-40 TAB (25X10) | Pantoprazole 40mg | 1 | 10X25 | 8 | 2000 |
| 129 | PFOTY DSR CAP | Pantoprazole (as enteric coated pellets) 40mg Domperidone (sustained release pellets) 30mg | 1 | 10x10 | 16 | 1600 |
| 130 | PARKINEX TAB (10X10) | Benhexol HCl 2mg (Trihexiphenidyl) | 1 | 10x10 | 4 | 400 |
| 131 | PEPSERA 10 TAB (10X5X4) | Serratiopeptidase 10 mg | 1 | 10X5X4 | 10 | 2000 |
| 132 | PEPSERA 5 TAB (20X10) | Serratiopeptidase 5 mg | 1 | 10x20 | 5 | 1000 |
| 133 | PROMETH 25 TAB(10X10) | Promethazine HCl IP 25mg | 1 | 10x10 | 5 | 500 |
| 134 | PROMETH SYRUP 60ML | Promethazine HCl 5mg | 1 | 60ml | 50 | 50 |
| 135 | PROSTACARE 4 CAP (10x10) | Silodosin 4mg Cap | 1 | 10x10 | 20 | 2000 |
| 136 | RABGAS 20 CAP 10x10 | Rabeprazole 20mg | 1 | 10x10 | 12 | 1200 |
| 137 | RIZICET SYRUP 60ML | Cetirizine HCL 5 mg | 1 | 60ml | 70 | 70 |
| 138 | RIZICET TAB (10X5X10) | Cetirizine HCL 10 mg | 1 | 10x5x10 | 4 | 2000 |
| 139 | ROLISTAT 10 TAB (10X10) | Rosuvastatin 10 mg Tab | 1 | 10x10 | 21 | 2100 |
| 140 | ROLISTAT 20 TAB(10X10) | Rosuvastatin 20 mg Tab | 1 | 10x10 | 30 | 3000 |
| 141 | ROLISTAT 5 TAB (10X10) | Rosuvastatin 5 mg Tab | 1 | 10x10 | 11 | 1100 |
| 142 | SALIDERM OINTMENT 15GM | Benzoic Acid IP 6% w/v Salicylic Acid IP 3% w/v | 1 | 15gm | 55 | 55 |
| 143 | SALIDERM OINTMENT 30GM | Benzoic Acid IP 6% w/v Salicylic Acid IP 3% w/v | 1 | 30 gm | 70 | 70 |
| 144 | SALTCARE (20.5GM) | Sodium Chloride 2.6gm Dextrose Anhydrous 13.5gm Potassium Chloride 1.5gm Trisodium Citrate 2.9gm | 1 | 1 | 10 | 10 |
| 145 | SILAGRA 50 TAB (25X4) | Sildenafil Citrate 50 mg | 1 | 1x4x25 | 30 | 3000 |
| 146 | SILVADERM CREAM 15GM | Silver Sulphadiazine USP 1% w/w Chlorhexidine Gluconate solution 0.2% w/w (Cream base QS.) | 1 | 15gm | 50 | 50 |
| 147 | SILZINE CREAM 25GM | Silver Sulphadizine USP 1%W/W | 1 | 25gm | 100 | 100 |
| 148 | SR DOX CAP (10X10) | Doxycycline HCI 100mg | 1 | 10x10 | 6 | 600 |
| 149 | SR ZYME CAP (10X10) | Digestive Enzyme Capsules (Fungal Diastase 50mg Pepsin 20mg) | 1 | 10x10 | 4 | 400 |
| 150 | TAMSUL 0.4 CAP (10X10) | Tamsulosin HCl Sustained Release Pellets eq. to Tamsulosin HCl USP 0.4 mg | 1 | 10x10 | 12 | 1200 |
| 151 | TOPDERM CREAM 15GM | Clotrimazole USP 1% w/w Betamethasone Dipropionate USP 0.05% w/w Gentamycin Sulphate BP equi to Gentamycin 0.1% w/w (Creambase QS) | 1 | 15gm | 145 | 145 |
| 152 | TRANAREST 500 TAB (10X10) | Tranexamic Acid 500 mg | 1 | 10 x 10 | 24 | 2400 |
| 153 | VITACAL TAB (10X25) | Calcium Carbonate 500mg Vitamin D3 250 IU | 1 | 10X25 | 5 | 1250 |
| 154 | VOCET SYRUP 30ML | Levocetirizine Dihydrochloride IP 2.5 mg / 5ml | 1 | 30 ml | 70 | 70 |
| 155 | VOCET TAB (10X5X5) | Levocetirizine Dihydrochloride IP 5mg | 1 | 10x5x5 | 6 | 1500 |
| 156 | VOMIZ SYRUP 30ML | Ondansetron hydrochloride 2mg/5ml | 1 | 30 ml | 75 | 75 |
| 157 | WORMLOC TAB (1X50) | Albendazole 400mg (Chewable Tablet) | 1 | 1X50 | 10 | 500 |
| 158 | XECEF 500 TAB(10X10) | Cefuroxime Axetil USP eqv. to Cefuroxime 500 | 1 | 10x10 | 70 | 7000 |
| 159 | ZENOSAR 200 TAB (10X10) | Ofloxacin 200mg | 1 | 10x10 | 7 | 700 |
| 160 | ZENOSAR 400 TAB (10X10) | Ofloxacin 400mg | 1 | 10x10 | 800 | 800 |
| 161 | ZENOSAR SUSPENSION 60ML | Ofloxacin 50mg/5ml | 1 | 60ml | 100 | 100 |

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - १४७७०० | प्रति तोला - १४३७०० | प्रति तोला - १७२५ |



**जुम्ली स्याउ बगैंचा** | जुम्लाको तातोपानी–६ स्थित स्थानीयको स्याउ बगैँचा। स्याउ परिपक्व भएपछि मात्रै भदौ महिनाको दोस्रो सातासम्म स्याउ टिप्न किसानलाई यहाँका स्थानीय तहले सूचना जारी गरेका छन्। *तस्बिर : विजय रावत/रासस*

# लघुवित्तपीडितका समस्या समाधानका लागि प्रतिवेदन पेस

■ प्रभाव संवाददाता

**काठमाडौं–** लघुवित्तपीडितहरूको समस्या समाधानका लागि गठित कार्यदलले सरकारलाई प्रतिवेदन बुझाएको छ । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा निलम ढुङ्गाना तिम्सिनाको संयोजकत्वमा गठित कार्यदलले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई प्रतिवेदन बुझाएको हो ।

प्रतिवेदनमा सरकारबाट हुनुपर्ने सम्बोधन, नेपाल राष्ट्र बैंक, लघुवित्त वित्तीय संस्था र लघुवित्तीय संस्थाका सदस्यहरूले गर्नुपर्ने कार्यबारे सुझाव दिइएको छ ।

सरकारले गर्नुपर्ने कार्यमा बचत तथा ऋण सहकारी संस्था तथा लघुवित्त संस्थाबाट लिएको कर्जाका कारण लघुवित्त वित्तीय संस्थाका ऋणीहरूलाई कठिनाइ भएको गुनासो रहेको सन्दर्भमा बचत तथा ऋण सहकारी संस्थाबाट हुने वित्तीय कारोबारलाई व्यवस्थित गर्न आवश्यक व्यवस्था गर्ने उल्लेख छ ।

यसैगरी नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वित्तीय संस्थाबाट बाहेक लघुवित्त कार्यक्रमका नामबाट अन्य कुनै पनि संस्थाहरूले लघुवित्तसम्बन्धी कारोबार गर्न नपाइने व्यवस्था गर्ने लगायत छन् ।

नेपाल राष्ट्र बैंकहरूले गर्नुपर्ने नीतिगत व्यवस्थाबारे सम्बन्धित लघुवित्त वित्तीय संस्थाहरूलाई हाल कर्जा नियमित नभएका तथा समस्यामा परेका भनिएका आ-आफ्ना ऋणीहरूको तथ्यांक संकलन गरी नियतवश कर्जा नतिरेका तथा



वास्तविक रूपमै समस्यामा परेका ऋणीहरू यकिन गरी अधिकतम ६० दिनभित्र नेपाल राष्ट्र बैंक समक्ष पेश गर्न निर्देशन दिनेलगायत सुझाव छन्।

लघुवित्त वित्तीय संस्थाहरूले गर्नुपर्ने कार्यमा समयमा कर्जाको साँवा ब्याज तथा नियमित बचत जम्मा नगर्ने सदस्यहरूलाई ताकेता गर्ने नाममा कार्यस्थलको वातावरण बिगार्ने गरी दबाब तथा मानसिक यातना नदिने व्यवस्था मिलाउन प्रतिवेदनले सुझाव दिएको छ ।

त्यसैगरी, लघुवित्त वित्तीय संस्थाका सदस्यहरूले पालना गर्नुपर्ने कार्यमा एक संस्थाबाट मात्र कर्जा उपयोग गर्ने, जुन प्रयोजनका लागि कर्जा लिएको हो सोही प्रयोजनमा मात्र प्रयोग गर्ने तथा उक्त परियोजनाबाट भएको नगद प्रवाहबाट नियमित रूपमा किस्ता तिर्नेलगायतका सुझाव छन् ।

प्रतिवेदन बुझ्दै अर्थमन्त्री पौडेलले प्रतिवेदनमा दिइएका सुझाव कार्यान्वयनका लागि सबैसँग समन्वय गर्ने र सरकारले गर्नुपर्ने सुझावहरूको औचित्य हेरेर कार्ययोजना बनाएर काम गर्ने बताए। नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा तिम्सिनाले वित्तीय साक्षरता कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउन आवश्यक भएको बताइन्।

प्रतिवेदनअनुसार २०८० साल चैत्र मसान्तसम्म ५५ वटा लघुवित्त वित्तीय संस्था सञ्चालनमा रहेकोमा तीन वटा थोक कर्जा प्रदायक संस्था र बाँकी ५२ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्था छन् । यी लघुवित्त वित्तीय संस्थाहरूले रु चार खर्ब ५३ अर्ब ११ करोड कुल प्रवाह गरेका छन्। कुल बचत रु एक खर्ब ७२ अर्ब ६६ करोड र सापटी रकम रु दुई खर्ब २७ अर्ब ६१ करोड छ।

लघुवित्त क्षेत्रमा देखिएको समस्या समाधान गर्न अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाका प्रमुखको संयोजकत्वमा गठित वार्ता समिति र लघुवित्त तथा वित्तीय संस्था पीडितका प्रतिनिधिबीच २०८० साल चैत्र २ गते अर्थमन्त्रालयमा छ बुँदे सहमति भएको थियो । त्यसैदिन लघुवित्त पीडितहरूको समस्या समाधानका लागि विकल्पसहितको प्रतिवेदन पेस गर्न नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा तिम्सिनाको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरिएको थियो ।

### तल्लो सेती जलविद्युत् आयोजना

# अडिट सुरुङ निर्माण प्रक्रिया सुरू

■ प्रभाव संवाददाता

**दमौली (तनहुँ)–** तनहुँ हाइड्रोपावर लिमिटेडले निर्माण गर्न लागेको १२६ मेगावाट क्षमताको तल्लो सेती आयोजनाको अडिट सुरुङ निर्माण प्रक्रिया सुरू भएको छ । यसका लागि व्यवसायी आयोजनास्थलमा परिचालित भएका छन् । लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले आयोजनाका लागि अडिट सुरुङ निर्माणका लागि भएको सम्झौतानुसारको काम अगाडि बढाउने प्रक्रिया सुरू भएको जानकारी दिए ।

तल्लो सेती जलविद्युत् आयोजनाको तीन सय ७५ मिटर लामो अनुसन्धनात्मक अडिट सुरुङ निर्माणका लागि गत फागुनमा आरके इञ्जिनियरिङ एण्ड एशोसिएटससँग सम्झौता भएको थियो । सोबमोजिम निर्माण व्यवसायीले अहिले पहुँचमार्ग, अडिट सुरुङलगायतका इञ्जिनियरिङ सर्भे जारी राखेको लिमिटेडका प्रबन्ध सञ्चालक श्रेष्ठले बताए ।


आयोजनाका लागि भौगर्भिक अवस्था परीक्षण गर्न अनुसन्धनात्मक अडिट सुरुङ निर्माण गर्न लागिएको जानकारी दिँदै उनले भने, 'आयोजना सुरू गर्नुपूर्व विभिन्न चरणका परीक्षण हुन्छन् । तल्लो सेतीको मुख्य पानी लैजाने हेडरेस टनेल छ दशमदव सात किलोमिटरको रहनेछ । त्यसका लागि परीक्षण गर्न अडिट सुरुङ बनाउन लागिएको हो । त्यसपछि डेढ वर्षभित्र उक्त सुरुङ निर्माण गरिसक्ने गरी काम हुन्छ ।'

तल्लो सेती जलविद्युत् आयोजनाका लागि आवश्यक जग्गा प्राप्तिका गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा आवश्यक कागजात पठाइएको र मन्त्रिपरिषद्बाट निर्णय हुन बाँकी छ। करिब रु २५ अर्ब लागत अनुमन गरिएको आयोजनाको एक सय ४० मिटर अग्लो कङ्क्रिट बाँधबाट प्राप्त हुने सेती नदीको रेगुलेटेड प्रवाह तथा मादी नदीको थप प्रवाहसमेत प्रयोग गर्न तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो । आयोजना निर्माणका लागि विस्तृत अध्ययन सकिएको छ । परामर्शदाताले पेस गरेको विस्तृत डिजाइन प्रतिवेदन पुनरावलोकनका लागि नियुक्त तीन सदस्यीय अन्तर्राष्ट्रिय विज्ञ समूहले विसं २०७८ असार २३ गते डिजाइन पुनरावलोकन प्रतिवेदन बुझाइसकेको छ।

यहाँ जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र एशियाली विकास बैंक (एडिबी) ले लगानीका लागि चासो दिएका छन् ।

## कर्पोरेट

### सिटिजन्स् बैंक र नेपाल मेडिसिटी वयोधाबीच सम्झौता



**काठमाडौं (प्रस)–** सिटिजन्स् बैंक इन्टरनेसनल लिमिटेड र वीरगंज, पर्सास्थित नेपाल मेडिसिटि वयोधा हस्पिटल बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्र अनुसार सिटिजन्स् बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले नेपाल मेडिसिटि वयोधा हस्पिटलमा १० प्रतिशत सम्मको आकर्षक छुट पाउने छन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स् बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ । सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले देशैभरी ६० जिल्लामा फैलिएका आफ्ना १९७ वटा शाखा, १६२ वटा ए.टि.एम., ३ विस्तार काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग इकाइहरूबाट करिव १८ लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ ।

### नबिल बैंक र नमस्ते पे वालेटबीच साझेदारी

**काठमाडौं (प्रस)–** नबिल बैंकले नमस्ते पे वालेटसँग साझेदारी गरेको छ। यो साझेदारीले नबिल बैंकका ग्राहकहरूले नमस्ते पे वालेटका विभिन्न सेवाहरू उपयोग गर्न सक्नेछन् । मंगलबार आयोजित एक कार्यक्रमका बिच नबिल बैंकका तर्फबाट रिटेल कारोबार बैंकिङ प्रमुख निरज शर्मा र नमस्ते पे वालेटका तर्फबाट डेपुटी सिइओ विनय बिजुक्छेले समझदारी पत्रमा हस्ताक्षर गरे ।

यो सहकार्यसंगै अब नबिल बैंकका ग्राहकहरूले लघ्बलप (मोबाइल बैंकिङ) एप्लिकेशनमार्फत आफ्नो नमस्ते पे वालेटमा सजिलैसँग पैसा लोड गर्न तथा वालेटबाट खातामा रकमान्तर गर्न सक्नेछन्।। नबिल बैंक नेपालमा भुक्तानी प्रणाली डिजिटलिकरण अग्रणी संस्था हो। बैंकले नयाँ नयाँ प्रविधिहरू अपनाउँदै आफ्ना ग्राहकहरूलाई उत्कृष्ट सेवा प्रदान गर्दै आएको छ ।

सम्झौतामा हस्ताक्षर गर्दै, नबिल बैंकका रिटेल कारोबार बैंकिङ प्रमुख शर्माले यो साझेदारीले बैंकका ग्राहक र नमस्ते पे प्रयोगकर्ताहरूले लाभ लिन सक्नुहुने बताए। उनले भने, 'डिजीट°इजेसनमा महत्वपुर्ण योगदान दिदै आएको यस बैंकले अन्य संस्थाहरूसँग साझेदारी गर्दै उत्कृष्ट सेवा र सन्तुष्टि प्रदान गर्न प्रतिबद्ध रहेको छ।'





नमस्ते पे वालेटका डेपुटी सिइओ बिजुक्छेले सम्झौतामा हस्ताक्षर गर्दै भने, 'नमस्ते पेले अत्याधुनिक सेवा प्रदान गर्ने र नेपालमा डिजिटल रूपान्तरणलाई क्रान्तिकारी बनाउने लक्ष्य राखेको छ।' उनले यो साझेदारीले नमस्ते पेको सेवा दायरा बढाउन र अझ बढी प्रयोगकर्तालाई आकर्षित गर्न मद्दत गर्ने बताए।

यस नयाँ प्लेटफर्मको अतिरिक्त, नबिल एनबैंक एप प्रयोगकर्ताहरूले अब ई सेवा, खल्ती, र नमस्ते पे वालेटका सेवाहरू पनि उपयोग गर्न सक्नेछन् । यो सेवा सुरु भएपछि, नबिल बैंकका ग्राहकहरूले थप सहज र सुरक्षित तरिकाले डिजिटल भुक्तानी गर्न सक्नेछन् । नबिल बैंक नेपालको अग्रणी वाणिज्य बैंकहरूमध्ये एक हो। बैंकले २४ लाख भन्दा बढी सेवाग्राहीलाई २६८ शाखा र ३१६ एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ । नबिल बैंकले ४० वर्ष देखि नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाहरूको सुरुवात गर्दै महत्वपूर्ण भूमिका खेलेको छ। बैंकले नेपालको बैंकिङ विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

# नेप्सेमा उच्च अंकले गिरावट

## १४५ अंकले नेप्से घट्दा २४ अर्बको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार उच्च अङ्कले ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक एक सय ४५ दशमलव शून्य पाँच अङ्कले ओरालो लागेर दुई हजार छ सय ५१ मा सीमित भएको छ । कारोबार भएका १३ वटा उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २७ दशमलव २२ अङ्कले ओरालो लागेर चार सय ६४ दशमलव ५६ मा सीमित भएको छ ।





कुल पाँच करोड ३८ लाख ४४ हजार दुई सय ३७ कित्ता शेयर रु २३ अर्ब ७१ करोड ६७ लाख १६ हजार आठ सय ७४ मूल्यमा कारोबार भयो । नेप्सेका अनुसार घटेको बजारमा थ्री स्टार हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । कुर्थली बुखरी स्मल हाइड्रोपावर नौ दशमलव ९७, लक्ष्मी भ्याल्यू फण्ड दोस्रो तीन दशमलव ९४, मेघा म्युचुअल फण्ड पहिलो तीन दशमलव ८१ र रुरु जलविद्युत् परियोजनाका लगानीकर्ताले तीन दशमलव १६ प्रतिशतले कमाएका छन् ।

नेपाल फाइनान्स, गुर्खाज फाइनान्स, सेन्ट्रल फाइनान्स, पञ्चकन्या माइ हाइड्रो पावर र एनआरएन इन्फास्ट्रक्चरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिःःarketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ